Jana Aakash National Weekly
www.janaakash.com
# जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष- १७, अंक- ३० २०८१ साल चैत्र ५ गते मंगलबार (Mar 18, 2025) www.janaakash.com.np

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित
www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइलः ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

## विद्युत प्राधिकरणलाई सूर्यनाथ यादवले गरे ४० लाखको जग्गा दान



**काठमाडौं–** धनुषा जिल्लाको धनुषाधाम नगरपालिका-३ निवासी सूर्यनाथ यादवले विद्युत प्राधिकरणलाई ४० लाखभन्दा बढी मूल्य पर्ने जग्गा दान गरेका छन् ।

नेपाल विद्युत् प्राधिकरण धनुषाधाम वितरण केन्द्र प्रमुख रोशनकुमार सिंहलाई जग्गाको लालपूर्जा हस्तान्तरण गर्दै सूर्यनाथ यादव (वायाँ) ।

विद्युत प्राधिकरणको स्थायी भवन निर्माणका लागि यादवले धनुषाधाम चोक नजिकको २ कठ्ठा जग्गा हस्तान्तरण गरेका हुन् । हाल सो क्षेत्रको जग्गाको मूल्य प्रतिकठ्ठा कम्तिमा २० लाख रहेको यादव बताउँछन् ।

उनले सोमबार भूमिसुधार तथा मालपोत कार्यालय धनुषामा औपचारिक रूपमा विद्युत प्राधिकरणको नाममा उक्त जग्गा पास गरिदिएका छन् । सो जग्गाको लालपूर्जा नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र प्रमुख रोशनकुमार सिंहलाई हस्तान्तरण गरेका छन् ।


जग्गादाता यादवले धनुषाधामको विकास र नागरिकलाई सहज सेवा उपलब्ध गराउने उद्देश्यले विद्युत प्राधिकरणलाई जग्गा दान गरेको बताए ।

धनुषाधाम वितरण केन्द्र २०७७ सालदेखि घर भाडामा लिएर सञ्चालन भइरहेको छ । वितरण केन्द्र प्रमुख सिंहले यादवको योगदानप्रति कृतज्ञता व्यक्त गर्दै स्थायी भवन निर्माणपछि स्थानीयवासीलाई अझ राम्रो सेवा प्रदान गर्न सकिने बताए ।

# नेपाली नागरिकले नागरिता पाउन कठिन

■ मोहन कार्की

काठमाडौं- नेपालमा जन्म लिन पाउनु धेरै जति मानिसले गर्व गर्छौ भनेर भनेको सुनेका नेपालीहरु अचेल नागरिता पाउनवाट समेत बञ्चित हुने गरेको समाचार सुन्दा कस्तो अचम्म लाग्ला त्यो अचम्म होइन यर्थाथ हो । सप्तरीको शम्भुनाथ नगरपालिका-३ कचन्दाहाका मागैन सदाका पूरै परिवार अहिले आफ्नो पहिचान खोज्न ठूलै सङ्घर्ष गरिरहेको छ । नेपालमै जन्मिए, यही हुर्किएँ तर अहिलेसम्म आफू नेपाली भएको कुनै पहिचान नै पाउन नसकिएको ६० वर्षीय मागैन सदाको गुनासो छ ।



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय ........
नेपाली नागरिकताको प्रमाणपत्र

घरकै मूली व्यक्ति मागैनको नागरिकता नबन्दा उहाँकी श्रीमती ५५ वर्षीया उर्मिलादेवी सदा, उनका जेठो छोरा २२ वर्षीय गोविन्दा, कान्छो छोरा १९ वर्षीय दीपक नागरिकताविहीन छन् । नेपाली भएको प्रमुख पहिचान नै नागरिकता नपाएका ती परिवारका सदस्यहरूले अहिलेसम्म राज्यबाट पाउनुपर्ने सबै सेवासुविधाबाट वञ्चित भएको दुखेसो पोख्छन् । स्थानीय साहुमहाजनमा खेतीपातीको काम गर्दै आएका मागैनले नागरिकताका लागि सबै निकायमा धाउँदै आए पनि पहिचान पाउन नसकिएको बताए ।

जन्मेपछि कानुनी रूपमा राज्यको नागरिकहरूको फेहरिस्तमा नाम जोडिनुपर्छ तर बुबा फनि सदा र आमा चरी सदाको नागरिकता नहुँदा अहिले मागैन सदाको पूरै परिवार नै पहिचानबाट वञ्चित छन् । “बुबाको नागरिकता नहुँदा मेरो जन्मदर्ता बन्न सकेन, अहिले मेरो नागरिकता नहुँदा श्रीमती र छोराहरूको पहिचान बन्न नसकेको हो”, उनले भने, “जन्मदर्ता नबन्दा छोराहरूले विद्यालयमा पढ्न पाएनन् र उनीहरू सानै उमेरमा कमाउन भारत जानुपर्ने अवस्था आयो ।”

# परिस्थिति ठीक गर्न योजनाबद्ध ढंगले लाग्छौं : प्रधानमन्त्री ओली

काठमाडौं- प्रधानमन्त्री केपी शर्मा ओलीले योजनाबद्ध ढंगले परिस्थिति परिवर्तन गर्न लागि पर्ने बताएका छन् ।

आइतबार नेपाल उद्योग परिसंघले आयोजना गरेको ‘महिला नेतृत्व शिखर सम्मेलन’लाई सम्बोधन गर्दै उनले योजनाहित सक्रियता र धैर्यपूर्वक अघि बढिरहेको दाबी गरेका हुन् ।

‘हामी योजनाहिन होइन योजनाबद्ध सक्रियतामा अघि बढ्छौं । निराशामा उभिएर होइन आशावादीताकासाथ अघि बढ्छौं’, उनले अघि भने, ‘जबसम्म परिस्थिति ठीक हुँदैन तबसम्म हामी योजनाबद्ध ढंगले परिस्थिति परिवर्तन गर्न लाग्नेछौं ।’

उनले आशावादीताका साथ अघि बढ्दा र योजनासहित अघि बढ्दा असम्भव केही पनि नहुने जिकिर गरे ।

सरकार भ्रष्टाचार नियन्त्रण र अन्त्य गर्नका लागि संकल्पका साथ अघि बढिरहेको उनको दाबी छ । उनले



नेपालमा अहिले झुटको खेती धेरै हुने गरेको भन्दै सही र गलत छुट्याएर अघि बढ्न जरुरी रहेको बताए ।

प्रधानमन्त्री ओलीले लोकतन्त्र एउटा राजमार्ग भएको र राजमार्गमा ब्याक गेयर नलगाइने भन्दै निरन्तर अघि बढ्ने बताए ।

# संसद् सेवाका कर्मचारीले निजामतीमा खुला प्रतिस्पर्धा गर्न पाउने



काठमाडौं- स्वास्थ्य सेवा र संसद् सेवाका कर्मचारीले निजामतीमा खुला प्रतिस्पर्धा गर्न पाउने भएका छन् ।


खुला प्रतिस्प्रर्धामा गए सेवा अवधि नजोडिने भएकाले सेवा अवधि जोडिने गरी खुला प्रतिस्पर्धा गर्न पाउनुपर्ने सरोकारवालाहरूको माग थियो ।

त्यसआधारमा संसदीय उपसमितिले स्वास्थ्य सेवा र संसद् सेवाका कर्मचारीले निजामतीमा खुला प्रतिस्पर्धा गर्न पाउने विषयमा सहमति जुटाएका हुन् । यसलाई मूल समितिले अनुमोदन गरेको खण्डमा सभाबाट पास भएर अगाडि बढ्नेछ ।

संघीय निजामती सेवा विधेयक हाल राज्य व्यवस्था समिति अन्तर्गत गठित उपसमितिमा दफावार छलफलमा छ ।

गत फागुन ९ गते राज्यव्यवस्था समितिले निजामती सेवा विधेयकमाथि छलफल गर्न ११ सदस्यीय संसदीय उपसमिति गठन गरेको थियो ।

नेपाली कांग्रेसका सांसद दिलेन्द्र प्रसाद बडुको संयोजकत्वमा गठित उपसमितिमा सदस्यहरूमा सांसदहरू अशोक कुमार » बाकी ६ पृष्ठमा



जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक वर्ष -१७, अंक- ३०, २०८१ साल चैत्र २७ गते मंगलबार (MAR 19, 2025)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन ।
सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – –

### जलवायु प्रदुशन रोक्न पहल गरौ ।

नेपाळ सानो र प्राकृतिक स्रोतळे धनी देश हो । तर याहाको विकास र प्राविधिक कुराहरू पऱ्याप्त हुन नसक्दा प्रकृतिक रूपमा आएका समस्याळाई सजिळै सावधान गर्न सक्ने क्षमता नेपाळका नागरिकळे गर्न सकेका छैनन् ।

विशेष गरेर हाम्रा छिमेकी राष्ट्र भारत र चीनळे आधुनिक प्रविधिहरू प्रायोग गर्दा निस्केका प्रदुशनहरू सजिळै नेपाळको वातावरणमा समेत असर गर्ने गर्दछ । त्यसकारण प्राकृतिक रूपमा समस्या आउदा एउटा देशमा मात्र नआएर अर्को देशळाई समेत असर गर्ने गरेको छ ।

छिमेकी राष्ट्र चीन र भारतळे ठूळा ठूळा उद्योग कळकारखान स्थापना गरेर त्यस कारखानाहरूवाट निक्केको धुवा र प्रदुषणळे नेपाळळाई प्रत्यक्ष असर गर्ने गरेको छ ।

त्यस कारखानावाट उत्पादन गरेको वस्तुहरूळे छिमेकी राष्ट्रहरूळे आफ्नो देशको आम्दानीको स्रोत पनि बनाएका छन् । तर नेपाळळे चै सधै उनिहरूळे आम्दानीको ळागि गरेका कामको प्रदुषण मात्रै खपेर बस्नु परेको छ ।

त्यस कारण छिमेकी राष्ट्रहरूळे वातावरण प्रदुषण नहुने गरी कळकारखानाहरू सचाळन गरूण भन्ने नेपाळीहरूको आग्रह छ । नेपाळमा बायु प्रदुषणको असरळे यो हिउद महिनाभरी पानी परेको छैन । पानी नपर्दा खेती गर्न समस्या भएको छ ।

आकाशमा तुहाळोळे ढाकेको छ । उक्त तुवाळो प्रदुषणको कारणळे भएको हो । त्यो तुवाळो नेपाळमा त यतिवेळा खासै कळ कारखानानै छैनन् । त्यसकारण हावामा प्रदुषण छिमेकी राष्ट्र चीन र भारतका उद्योग कळकारखानावाट आकाशमा हावामा मिसिएको धुवा, धुळो उड्दै नेपाळमा प्रवेश गरेको हुनाळे यतिवेळा काठमाडौ ळगायत नेपाळका उपत्यकाहरूमा धेरै मानिसहरू विरामी हुने रूघखोकी ळाग्ने जस्ता समस्याळे सताउन थाळेको छ ।

त्यसैळे छिमेकी राष्ट्रहरूळे गरेको कामवाट अर्को छिमेकीळाई असर गर्छ भन्ने समेत ख्याळ गरेर वातावरणमैत्री उद्योग कळकारखाना खोळ्न र वातावरण सफा राख्न भुमिका निर्वाह गरूण भन्ने आशयळे नेपाळ सरकारळे छिमेकी राष्ट्र दुवैळाई कुटनीतिक पहळ गरोस् ।

# सचेत वर्गको एकता अपरिहार्य



डा. देवीप्रसाद आचार्य

> नागरिकहरूको चाहना नबुझ्ने, देशको आवश्यकता र समयको मागअनुसार काम गर्न नसक्ने, तर राष्ट्रको ढुकुटीमा रजाइँ गर्ने राजनीतिक चरित्र लोकतन्त्रको ऐँजेरु हो ।

राजनीतिक नेतृत्वले देश, काल, परिस्थिति र समाजको आवश्यकताको बोध गरी नेतृत्व दिन नसक्दा देशको अवस्था नाजुक बन्दै गएको छ। देशका हरेक क्षेत्रमा समस्याहरु व्याप्त छन् ।

मुलुक विधिको शासनमा चल्न सकेको छैन । भ्रष्टाचार, दलाली, बिचौलीया, कमिसन, सेटिङ, नातावाद, कृपावादलगायतका विसङ्गतिहरु यत्रतत्र, सर्वत्र छन् । यस सन्दर्भमा राजनीतिक दल र नेतृत्वमा पुग्नेहरुलाई समाजका विभिन्न क्षेत्रमा संलग्न इलिट्स वर्गले स्वतन्त्र भएर प्रभावकारी भूमिका खेल्नुपर्ने हो । लोकतन्त्रमा राजनीतिक दलहरु तथा नेतृत्वले जनविरोधी कामहरु गर्दा समाजका सचेत वर्गले भूमिका खेल्नुपर्दछ । यसो हुन सकेको छैन ।

यो मुलुकमा देशका सचेत वर्ग पनि राजनीतिक दलमा संलग्न भएको अवस्था छ । नागरिक समाज, लेखक, चिन्तक, वकिल, पत्रकार, शिक्षक, प्राध्यापकलगायतका सचेत वर्गले कुनै पनि राजनीतिक दलको पक्षपोषण गर्नँहुँदैन । देशको अहिलेको अवस्थामा बौद्धिक वर्गले जनता, समाज र देशको पक्षमा स्वतन्त्र भएर काम गर्नँपर्दछ । यो वर्गले कुनै पनि राजनीतिक दलको झोला बोक्नुहुँदैन । राज्यका गलत क्रियाकलापहरुलाई खबरदारी गर्नँपर्दछ । देशका उच्च पदस्थ व्यक्ति तथा व्यक्तित्वहरुले पद र प्रतिष्ठाको लागि दलहरुको झोला बोक्नु विडम्बना हो ।

यो सचेत वर्गले सबैभन्दा माथि देश हुन्छ भन्ने कुरालाई मनन गर्नँपर्ने समय आएको छ । गुण र दोषको आधारमा राजनीतिक दल तथा नेता विशेषका कार्यशैलीप्रति समाजका बुद्धिजीवीहरुले स्वतन्त्र मूल्याङ्कन गरी भुस र चामल छुट्याउने काम गर्नँपर्दछ। समाजमा पढेलेखेको, जानेबुझेको सचेत वर्गले पनि यदाकदा व्यक्तिगत स्वार्थको अगाडि घुँडा टेक्ने गरेको देखिन्छ । समाजमा सत्य कुराहरुलाई पनि सत्य भन्न नसक्ने जमात ठूलो रहेको देखिन्छ । देशले बाटो बिराएको बेला नागरिक समाज, सामाजिक अभियन्ता तथा समाजको सचेत वर्गले राजनीतिक आस्थाको आधारमा धारणा बनाउनुहुँदैन । बाँडिनुहुँदैन । यो शक्तिले राज्यलाई दिशानिर्देश गर्नँपर्दछ ।

समाजमा कतिपय जनता राजनीतिक दलहरुका पछाडि अन्धभक्त भएर लागेको देखिन्छ । समाजका स्वतन्त्र विचारकहरु कुटिएका छन् । लघारिएका छन् । आवाजविहीनहरुको लागि आवाज घन्काउनेहरु राजनीतिक दलका नेता तथा कार्यकर्ताहरुबाट नै दुत्कारिने कार्य भइरहेको छ । राजनीतिक दलहरुका बीचमा असमझदारी छ । स्वार्थ मिल्दा काले काले मिलेर खाऊँ भालेको कार्यमा दलहरु लाग्ने गर्दछन् । स्वार्थ नमिल्दा आपसी कटाक्ष गर्ने, एकले अर्कालाई दोष लगाउने अत्यन्त अप्रजातान्त्रिक अभ्यास भइरहेको छ ।

दलहरुबाट हुने गरेका यस्ता कार्यलाई नागरिक समाज, मानवअधिकावादीहरु, सामाजिक अभियन्तालगायत समाजको सचेत वर्गले टुलुटुलु हेरेर बस्ने गरेको अवस्था छ। यसो हुँदा राजनीतिक दलहरुले मनपरी गरेका छन्। दलहरु जनमुखी हुन सकेका छैनन्। सत्य छायामा परेको छ। समाजमा राज्यले गरेका गैरजिम्मेवारपूर्ण कार्यहरुको बारेमा साझा धारणा बन्न सकेको छैन ।

जनदबाब सिर्जना हुन सकेको छैन। लोकतन्त्रमा राजनीतिक दल र राज्यका संयन्त्रहरुलाई जिम्मेवार बनाउने माध्यम सचेत समाज हो, प्रेस जगत् हो । समाजका दार्शनिक, लेखक, विचारकलगायत बुद्धिजीवीहरुले राजनीतिक दलहरुको गुण र दोषको आधारमा विचार निर्माण गर्नँपर्दछ। राज्य र राजनीतिक दलहरुले जनमुखी बनाउने छडी र कडी भनेको नागरिक आवाज हो। त्यसो त हाम्रो देशको सन्दर्भमा राज्यको कमी-कमजेरीहरुप्रति आवाजहरु नघन्किएका होइनन्, परन्तु कुनै व्यक्ति वा सामाजिक अभियन्ताहरुका आवाजमा सिङ्गो समाजलाई प्रतिनिधित्व गर्नँपर्दछ।

भ्रष्टाचार, अनियमितता, कुशासनको बारेमा समाजलाई सचेत गराउनुपर्दछ । समाजमा जनआवाजहरु छरिएका छन्। छरिएका जनआवाजहरुलाई नेतृत्व दिने दायित्व नागरिक समाजको हो । समाजका सचेत वर्गको हो । देशभन्दा ठूलो न त कुनै राजनीतिक दर्शन हुन सक्छ, न त व्यक्ति विशेष । होइन र ? त्यसो त इतिहासका कालखण्डहरुमा राज्य व्यवस्थाको अन्त्य गर्न समाजको सचेत वर्ग एकजुट नभएको होइन। २००७ सालमा राणाशासनको विरुद्ध होस् कि जनआन्दोलन २०४६ होस्, प्रजातन्त्रको लागि नेपाली समाज एउटै मोर्चामा उभिएका थिए ।

२०६२-०६३ को जनआन्दोलनमा पनि नेपाली समाजको ठूलो हिस्सा गोलबद्ध भएको इतिहास छ । यसरी संघर्ष गरेको नेपाली समाजले अब देशमा व्यवस्था नै परिवर्तन गर्नँपर्ने अवस्था छैन। तथापि अहिलेको व्यवस्थाभित्र रहेका कमी-कमजोरीहरु हटाउन जनता एकजुट हुनुपर्ने परिस्थितिको सिर्जना भएको छ। अहिलेको राज्य पुनर्संरचनाको मोडेल र निर्वाचन प्रणालीमा परिवर्तन अपरिहार्य रहेको विचार आउने गरेका छन् ।

समाजमा अहिलेको प्रान्तीय सरकारको आवश्यकता नै छैन भन्ने स्वतन्त्र विचार राख्नेहरुको संख्या ठूलो छ। देशलाई यति धेरै संख्यामा सांसद, मन्त्रीहरु र यससँग जोडिएको ठूलो आर्थिक भार आवश्यकता नै छैन । यो देशलाई दूरगामी असर पार्ने सत्यतथ्यको बारेमा पनि समाजको सचेत वर्गको बीचमा मतैक्यता छैन । समाजका राजनीतिक दल, यिनका नेता, कार्यकर्ता तथा दलका समर्थकहरुका कुराहरुका बीचमा पनि फरक विचारहरु आउने गरेको अवस्था छ।

विचारहरु फरक-फरक छन् । सत्यलाई राजनीतिक दर्शन र आस्थाको आधारमा छायामा पार्ने काम भइरहेको छ । त्यसैले यी फरक मतहरुलाई देश र जनताको हितमा एकीकृत गर्नको लागि सचेत वर्गले प्रभावकारी भूमिका खेल्नुपर्दछ। नेपाली समाजले राजनीतिक व्यवस्था परिवर्तन भएपछि जनताको अवस्था परिवर्तन हुनेछ भन्ने आशा गरेको थियो। परन्तु प्रजातन्त्रका ३३ वर्षमा देशमा जनताको अपेक्षा अनुरुप विकास र समृद्धि हुन सकेन ।

प्रजातन्त्र, लोकतन्त्र, सङ्घीयता जे भनिए तापनि आम जनताका लागि कागलाई बेल पाक्यो हर्ष न विस्मात्को अवस्था छ । यही लोकतान्त्रिक व्यवस्थाको तीन दशकमा नेपाल दक्षिण एसियामा सबैभन्दा बढी भ्रष्टाचार हुने देशको सूचीमा परेको छ । युवाहरु विदेश पलायन भएका छन् । कृषि उत्पादन घट्दो छ। बेरोजगारी व्याप्त छ। महँगीले आकाश छोएको छ । दलहरुले लोकतन्त्रको सुगा रटान गरेको पाइन्छ । यो व्यवस्थाभित्रका कमी-कमजोरीहरु हटाएर देशलाई अगाडि बढाउने दिशामा दलहरु लागेका छैनन् ।

दलहरु दलीय भागवण्डाका आधारमा सेटिङ गर्ने, सत्तामा जाने र एक-अर्काको सत्तोसराप गर्ने काममा व्यस्त छन् । तसर्थ नेतृत्वको सोच र कार्यशैली बदलेर जनताको पक्षमा काम गर्न बाध्य बनाउनको लागि प्रभावकारी जनदबाबको आवश्यकता छ ।

राजनीतिक दलहरुको दुष्कर्मका कारण अहिले दूरदराजका गाउँबस्तीहरु युवाविहीन छन् । गाउँहरु पाका नागरिक र केटाकेटीहरुको बस्तीको रुपमा परिणत भएका छन् ।

हरेक दिन हजारौंको संख्यामा युवाहरु विदेशिएका छन् । आफ्ना खेतबारीहरु बँझाएर विदेशिएका युवाहरुले विदेशी भूमिमा पशुपालन, कृषि र उद्योगहरुमा श्रम बेचेका छन् । राज्यले हरेक गाउँहरुमा कृषि, पशुपालन, फलफूल, तरकारी, माछापालन, माहुरीपालनलगायतका क्षेत्रमा आधुनिक कृषि उत्पादन गर्ने काम वैज्ञानिक रुपले गरेको भए युवापुस्ताले आ-आफ्नै गाउँठाउँमा आयआर्जन गर्ने थिए । गाउँबस्तीका खेतबारीहरुमा आधुनिक कृषि प्रणाली फस्टाउने थियो । गाउँहरु आत्मनिर्भर बन्ने थिए ।

दलहरुले राजनीतिक फाइदालाई अगाडि राखेर राजनीति गरेको देखिन्छ । देश विकास जातजाति र क्षेत्रको विभाजनभन्दा बढी सामाजिक सद्भाव, सकारात्मक सोचको विकास तथा सामाजिक एकताले मात्र सम्भव हुन्छ । विकास गर्न सामाजिक एकता चाहिन्छ । राजनीतिलाई दुहुनो गाई बनाई सुविधाभोग र आर्थिक दोहन गर्न पल्केका अदूरदर्शी नेताहरुको कारण देशमा सुशासन र विकास हुन नसकेको राजनीतिक विश्लेषकहरु बताउँछन् ।

सदियौंदेखि दुबोसरी झाँगिएको सामाजिक सद्भावलाई राजनीतिक दाउपेचमा खलबल्याउने काम गरिएको छ । यसो हुनुहुँदैन । समाजमा जातीय, वर्गीय, क्षेत्रीय वा अन्य कुनै पनि विभाजक चिन्तनको विकास हुनुहुँदैन। हामी कुनै जातजाति, धर्म, वर्ग, क्षेत्र वा भूगोलका मानिस होइनौं । सबै नेपाली हौं । देशका बुद्धिजीवीहरु, प्राज्ञ विद्वान्हरु र नागरिक समाजले देश कमजोर हुँदा राज्यलाई ठीक मार्गमा हिँडाउन खरोरुपमा उत्रनुपर्दछ ।

हाम्रो देश लामो कालखण्डदेखि राजनीतिक अस्थिर अवस्थाबाट गुज्रिइरहेको छ । राजनीतिक दलहरुमा दूरदर्शिता र देश निर्माण गर्न सक्ने क्षमता र तागत नभएको तीन दशकको राजनीतिक गाईजात्राले नागरिकहरुमा निराशा र असन्तुष्टि चुलिएको छ । राज्य यसरी कमजोर भएको अवस्थामा देशका बुद्धिजीवीहरुको भूमिका खै ? सचेत वर्ग किन छायामा परेको छ ? नागरिक समाज कहाँ छ ? मानवअधिकारवादीहरु कहाँ छन् ? प्राज्ञिक वर्ग कहाँ छ ? राज्यका इलिट्सहरु कहाँ छन् ? शिक्षाविद्, कानुनविद्, अर्थविद्लगायतका विभिन्न क्षेत्रका विद्हरु कहाँ छन् ? सबै मिलेर राज्यलाई जिम्मेवार बनाउने कार्यमा जनदबाब सिर्जना गर्नँ हामी सबैको साझा दायित्व होइन र ?

अन्त्यमा नागरिकहरुको चाहना नबुझ्ने, देशको आवश्यकता र समयको मागअनुसार काम गर्न नसक्ने, तर राष्ट्रको ढुकुटीमा रजाइँ गर्ने राजनीतिक चरित्र लोकतन्त्रको ऐँजेरु हो । दिशाहीन भविष्यको संकेत हो । राजनीतिक दलहरुले राज्य सञ्चालन गर्दा देशका बुद्धिजीवी, प्रशासक र विज्ञहरुसँग रायसल्लाह लिने र उचित सुझावहरुलाई कार्यान्वयन गर्ने काम गर्दैनन् । राजनीतिक दल सीमित व्यक्तिहरुको इशारामा दिशाहीन भएका छन् ।

राजनीतिक नेतृत्व नै सामाजिक समस्याको रुपमा देखिनु दुःखको कुरा हो । भ्रष्टाचार, विधिको शासनको अभाव तथा अदूरदर्शी राजनीतिक नेतृत्व नै विकास र निकासको बाधक तत्व हुन् । यी समस्याको समाधान गर्नको लागि देशले सचेत वर्गको भूमिका खोजेको छ । यस्तो अवस्थामा पनि देशको इलिट्स वर्गले राज्यलाई सुशासन, विकास र जनहितमा काम गर्न जनदबाब सिर्जना नगर्ने हो भने देशले अझै दुःख पाउनेछ । यसो नहोस् ।

# भारतले दिउँसोमात्र बिजुली दिन थालेपछि उद्योगमा दैनिक १२ घण्टा लोडसेडिङ

**काठमाडौं–** गएको शनिबारदेखि भारतबाट दिनको समयमा मात्रै बिजुली आयात हुन थालेपछि औद्योगिक क्षेत्रमा दैनिक कम्तीमा १२ घण्टा लोडसेडिङ सुरु भएको छ ।

देशका अधिकांश क्षेत्रका उद्योगलाई नेपाल विद्युत् प्राधिकरणका वितरण केन्द्रहरूले सम्पर्क गरेरै कम्तीमा १२ घण्टा लोडसेडिङमा बस्नुपर्ने जानकारी गराएको उद्योगहरूले जनाएका छन् ।

शुक्रबारसम्म पिकआवरका चार घण्टाबाहेक दैनिक २० घण्टाका दरले भारतबाट विद्युत् आयात भइरहेको थियो । तर, भारतको केन्द्रीय विद्युत् प्राधिकरणले गत १९ नोभेम्बरमा नेपाललाई विद्युत् निर्यात अनुमति दिँदा नै १५ मार्चदेखि 'सन आवर' (बिहान ६ देखि साँझ ६ बजेसम्म) मात्रै बिजुली दिने गरी अनुमति दिएको थियो ।






त्यसका कारण घरायसी ग्राहककहाँ लोडसेडिङ नभए पनि उद्योगमा भने रातभरि लोडसेडिङ भइरहेको प्राधिकरण स्रोतले जनाएको छ । कतिपय स्थानमा १४ घण्टासम्म लोडसेडिङ रहेको उद्योगीले जानकारी दिएका छन् ।

भारतबाट २० घण्टा विद्युत् आयात भइरहँदा पनि उद्योगमा ८ घण्टासम्म लोडसेडिङ थियो । त्यसो हुँदा १२ घण्टा विद्युत् आयात बन्द हुँदा त्यसको ठूलो प्रभाव परेको देखिन्छ ।

खासगरी ठूलो मात्रामा विद्युत् खपत गर्ने स्टिल मेल्टिङ तथा रोलिङ उद्योग, सिमेन्ट उद्योगमा यसको ठूलो प्रभाव पर्ने उद्योगी बताउँछन् ।

विगतमा लोडसेडिङ हुँदा पनि उद्योगको भट्टी चलाउन आवश्यक सानो मात्रामा प्राधिकरणले विद्युत् दिने गरेकोमा अब त्यो पनि नदिने जानकारी आएको एक उद्योगीले बताए ।

'सिमेन्ट उद्योगको भट्टी बन्द गर्नै मिल्दैन, चौबिसै घण्टा चलाइरहनुपर्छ । त्यसका लागि ४-५ मेगावाट विद्युत् निरन्तर चाहिनेमा अब त्यो पनि काट्ने बताएका छन्, त्यसले ठूलो क्षति हुने जोखिम छ,' उनले भने ।

जति घण्टा लोडसेडिङ हुने हो, त्यसको कम्तीमा पनि दुई घण्टा कम मात्रै उद्योग सञ्चालन हुन सक्ने अर्का एक उद्योगीले बताए ।

'बत्ती आएपछि मेसिन तात्न र काम सुरु गर्न कम्तीमा पनि दुई घण्टा लाग्छ, १२ घण्टा लोडसेडिङ हुँदा उद्योग १० घण्टा मात्रै सञ्चालनमा आउँछन्,' उनले भने ।

यसले उद्योगको उत्पादन घट्ने तथा लागत बढ्ने उनले बताए ।

'अहिले निर्माण सामग्रीको माग बढ्ने बेला हो, यस्तो बेलामा लोडसेडिङ हुँदा उद्योगलाई ठूलो घाटा लाग्छ,' उनले भने ।

सिमेन्ट र छडको मूल्य यसै पनि बढिरहेको सन्दर्भमा लोडसेडिङका कारण थप मूल्यवृद्धि हुने उनको भनाइ छ ।

विगतमा नेपालले भारतबाट चौबिसै घण्टा विद्युत् आयात गर्न पाउने गरी सम्झौता भएकोमा गत वर्ष २९ मार्च (१६ चैत) मा भारतले चुनाव आइरहेको भन्दै तीन महिनाका लागि मात्रै विद्युत् निर्यात सम्बन्धी सम्झौता नवीकरण गरेको थियो ।

दिनको समय (सन आवर) मा मात्रै विद्युत् निर्यात गर्ने गरी गरिएको सम्झौता नवीकरणको म्याद जुन महिनाको अन्त्यमा सकिएको थियो । त्यसपछि भारतले १९ नोभेम्बरमा यो सम्झौता नवीकरण गरेको थियो ।

त्यसबेला उसले सम्झौता नवीकरण गर्दा १५ मार्चसम्म दैनिक २० घण्टा नेपालमा विद्युत् निर्यात गर्न दिने तथा त्यसपछि ३० जुनसम्म सन आवरमा मात्रै विद्युत् दिने व्यवस्था गरेको थियो । त्यहीअनुसार नेपाल विद्युत् प्राधिकरणले १ डिसेम्बर (१६ मंसिर) देखि भारतबाट विद्युत् आयात गरिरहेको छ ।

गत मार्चमा सम्झौता नवीकरण हुँदा अधिकतम ५ सय ५४ मेगावाट मात्रै विद्युत् नेपालले आयात गर्न पाउने व्यवस्था गरिएको थियो ।

त्यसअघि भने नेपालले चौबिसै घण्टा आवश्यकता अनुसार विद्युत् आयात गर्न पाएको थियो । नेपालले अधिकतम ७ सय मेगावाटसम्म विद्युत् भारतबाट आयात गर्ने गरेको थियो ।

गत नोभेम्बरमा भएको सहमतिमा पनि ७ सय मेगावाटसम्म विद्युत् आयात गर्न सकिने व्यवस्था छ ।

नेपालले भारतको खुला बजार इन्डियन इनर्जी एक्स्चेन्ज लिमिटेड (आईएक्स) बाट विद्युत् आयात गर्ने गरेको छ । उक्त बजारमा एक दिनअघि (डे-अहेड) र सोही दिन (रियल टाइम) मा कायम रहेको दरमा नेपालले विद्युत् आयात गर्ने गरेको छ ।

यसरी भारतीय खुला बजारबाट विद्युत् आयात गर्न नेपालले २०७८ मा अनुमति पाएको थियो । पाँच वर्षको यो अनुमति हरेक वर्ष नवीकरण गर्नंपर्ने सर्त छ ।

नेपालले भारतीय एक्स्चेन्ज बजारका अतिरिक्त बिहार र उत्तर प्रदेश सरकारसँग छुट्टै सम्झौता गरेर पनि विद्युत् आयात गर्छ । एक्स्चेन्ज बजारमा आयात हुने विद्युत् दर हरेक दिन परिवर्तन हुन्छ ।

तर, छुट्टै सम्झौता मार्फत १३२ केभी, ३३ केभी र ११ केभी प्रसारण लाइन मार्फत आयात हुने विद्युत् दर भने हरेक वर्ष वार्तामार्फत परिमार्जन हुने गरेको छ ।

हालै विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले यी प्रसारण लाइनबाट आयात हुने विद्युत् भाउ बढाउने सहमति गरेका थिए ।

१२ फेब्रुअरीमा भारतमा भएको १६औं पावर एक्स्चेन्ज कमिटी बैठकमा बिहार र उत्तर प्रदेशबाट यी प्रसारण लाइनबाट आयात हुने विद्युत् भाउ १.५ प्रतिशत बढाउने सहमति गरेपछि १३२ केभीको भाउ ८.१० भारु पुगेको थियो । ११ केभीबाट आयात हुने विद्युत् भाउ ९.४५ भारुसम्म पुगेको छ ।

तर, नेपाल सरकार तथा प्राधिकरण बोर्डको स्वीकृति नै नलिई सहमति गरेको भन्दै प्राधिकरण कार्यकारी निर्देशक घिसिङलाई सरकारले स्पष्टीकरण सोधेको छ भने प्राधिकरण बोर्डले उक्त दर पारित गरेको छैन । बोर्डले पारित गरेर विद्युत् नियमन आयोगले स्वीकृति नदिँदासम्म त्यो दर कार्यान्वयन हुँदैन ।

खुला बजारमा भने अधिकतम १२ भारुसम्म रकम तिरेर विद्युत् आयात गर्नंपर्ने हुन्छ ।

भारतले महाकाली सन्धि अन्तर्गत टनकपुरबाट बिजुली ल्याउन पाउने सम्झौता छ । त्यहाँबाट १५ मेगावाट विद्युत् आयात गर्न सक्ने भए पनि तीन वर्षदेखि भारतले त्यस बाटोबाट आपूर्ति बन्द गरेको छ ।

# रामेछाप डायरी

## रामेछापमा एसईईको सबै तयारी पूरा, २७ सय विद्यार्थीले परीक्षा दिँदै

यहि चैत्र ७ गतेबाट सुरु हुने माध्यमिक शिक्षा परीक्षा (एसइई) को सबै तयारी पूरा भएको शिक्षा विकास तथा समन्वय इकाई रामेछापले जानकारी दिएको छ । दुई नगरपालिका र ६ वटा गाउँपालिका रहेको रामेछापमा यो वर्षको एसइई परीक्षाका लागि १९ वटा परीक्षा केन्द्रहरू निर्धारण गरिएको छ ।



यो वर्ष रामेछापबाट दुई हजार ७०० बढी विद्यार्थीले एसइई परीक्षा दिने शिक्षा विकास तथा समन्वय इकाई रामेछापका प्रमुख नेत्र प्रसाद गजुरेलले बताउनुभयो । १९ वटा परीक्षा केन्द्रहरूबाट जिल्लाका दुई हजार ७०१ जना विद्यार्थीले एसइई परीक्षा दिने उहाँले बताउनुभयो ।

जिल्लाबाट दुई हजार ४११ जना नियमित र २९० जना ग्रेड वृद्धिका लागि परीक्षामा सहभागी हुने गजुरेलले बताउनुभयो ।

## वनमा आगो लगाएको आरोपमा रामेछाप दोरम्बाका दाजु-भाइ पक्राउ



रामेछापको दोरम्बा शैलुङ गाउँपालिकामा सामुदायिक वनमा आगो लगाएको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ ।

दोरम्बा शैलुङ गाउँपालिका-३ टोकरपुरको छहरेछाप डाँडा सामुदायिक वन र सोही स्थानको लालिगुँरास सामुदायिक वनमा आगो लगाएको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा दोरम्बा शैलुङ गाउँपालिका-३ टोकरपुरका ५० वर्षीय पदमबहादुर विक र उनैकै भाइ ४५ वर्षीय चन्द्रबहादुर विक रहेको जिल्ला प्रहरी कार्यालय रामेछापका सूचना अधिकारी इन्स्पेक्टर कौशल न्यौपानेले जानकारी दिनुभयो ।

सामुदायिक वनको जङ्गलमा आगो लगाई भागेको भन्ने सूचनाको आधारमा खोजी गर्दा शनिबार उनीहरू पक्राउ परेका प्रहरीले जनाएको छ। नियन्त्रणमा लिएका दुवै जनालाई अनुसन्धानको लागि डिभिजन वन कार्यालय रामेछापमा बुझाइएको प्रहरीले जानकारी दिएको छ ।

सो जङ्गलमा शुक्रबार टोकरपुरको छाङखोलाको छेउबाट आगो लागेको थियो । आगो अहिले शैलुङको जङ्गलमा फैलिएको छ । आगोले शैलुङको वन क्षेत्रमा ठुलो क्षति भएको छ ।

आगो अझै नियन्त्रणमा आउन सकेको छैन । जिल्लाकै गोलकुलगंग गाउँपालिका ४ बेतालिको जंगलमा लागेको आगो भने आईतबार दिउँसो नियन्त्रणमा आएको छ । रामेछापमा हरेक वर्ष आगलागीले ठुलो क्षति हुने गरेको छ ।

## रामेछापमा पहिलो पटक धार्मिक तथा ऐतिहासिक पर्यटकीय स्थलहरूको फोटो प्रदर्शनी

रामेछाप जिल्लामा पहिलो पटक धार्मिक तथा ऐतिहासिक पर्यटकीय स्थलहरूको फोटो प्रदर्शनी गरिएको छ । जिल्लाका विभिन्न धार्मिक तथा ऐतिहासिक पर्यटकीय स्थलहरूको प्रचार गर्न राष्ट्रिय फोटो पत्रकार समूह रामेछापले मन्थलीमा फोटो प्रदर्शनी आयोजना गरेको हो ।



नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) बाग्मती प्रदेशको तेस्रो प्रदेश महाधिवेशन उद्घाटन कार्यक्रमको अवसरमा प्रदर्शनी आयोजना गरिएको राष्ट्रिय फोटो पत्रकार समूह रामेछापका अध्यक्ष मिलन वि.कले बताउनुभयो ।

मन्थलीको तीनलाल पार्कमा राखिएको प्रदर्शनीमा रामेछाप जिल्लाको धार्मिक, ऐतिहासिक तथा पर्यटकीय महत्व झल्कने फोटाहरू राखिएको थियो । जिल्लाको ८ वटै स्थानिय तहहरुमा रहेका ५० भन्दा बढी मुख्य मुख्य धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरुको फोटो प्रदर्शनीमा राखिएको हो ।

यो फोटो प्रदर्शनीले जिल्लामा रहेका धार्मिक तथा ऐतिहासिक पर्यटकीय स्थलहरूको प्रचार गर्न महत्वपूर्ण भूमिका खेलेको सहभागीहरुले बताएका छन । राष्ट्रिय फोटो पत्रकार समूह रामेछापले फोटोको माध्यमबाट जिल्लाको प्रचार प्रसार र पर्यटन प्रवर्द्धनमा सहयोग गर्न विभिन्न कार्यक्रमहरु आयोजना गर्दै आएको छ ।

# राजावादीले गरिरहेका क्रियाकलाप संविधान विरोधी छन् : प्रचण्ड

**काठमाडौं–** नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पछिल्लो समय राजावादीहरूले गरिरहेका क्रियापकल संविधान विपरित भएको टिप्पणी गरेका छन् ।

जनतालाई पुनः एकपटक रैती बनाउनेगरी प्रयास सुरु गरिएको बताउँदै उनले जनतामा गएको सार्वभौमसत्ता परिवर्तन हुन नसक्ने दाबी गरे ।

राजधानीमा आयोजित एक पुस्तक विमोचन कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा पूर्वप्रधानमन्त्री समेत रहेका प्रचण्डले भनेका छन्, ' अहिले राजावादीहरूले जे गरेका छन्, त्यो संविधान विपरित काम हो । जनतालाई फेरि एकचोटी रैती बनाउनेतिर प्रेरित छ । सबै उत्पीडित वर्ग र समुदायको बढी जिम्मेवारी छ ।'

प्राप्त उपलब्धीको रक्षा गर्नंपर्ने बताउँदै प्रचण्डले राजाहरूले गरेका कार्यहरूबारे अहिलेको पुस्तालाई जानकारी गराउनुपर्ने बेला आएको पनि बताए ।

'कालरात्री फर्काउनेतिर हामी कसैले सोच्न हुँदैन । कोत पर्व के थियो, भण्डारखाल पर्व के थियो, नेपालको नक्सालाई संकुचित बनाउने काम कसरी भएको थियो, हिजोका राजा महाराजाले नेपालको बेइज्जत कसरी गराएका थिए, यहीँ कलकत्तामा के भएको थियो, नमिता-सुमिता हत्याकाण्ड के थियो, दरबार हत्याकाण्ड के थियो भन्ने कुरा युवाहरूलाई बुझाउने काम हाम्रो आएको छ,' प्रचण्डले भनेका छन् ।

संघीय लोकतान्त्रिक गणतन्त्र आएपछि जनताका धेरै अपेक्षा रहेको भए पनि त्यो पूरा हुन नसकेको उनको भनाइ थियो ।

त्यसलाई गम्भीर समीक्षा गरेर जानुपर्नेमा आफ्नो पार्टी पहिलो नम्बरमा रहेको प्रचण्डले बताए ।

'संघीय लोकतान्त्रिक गणतन्त्र आएपछि जनताको अपेक्षा अब धेरै विकास हुन्छ, अधिकार पनि पाउँछौं भन्ने थियो,' उनले भने, 'त्यो अनुसार राजनीतिक दल र नेताहरूले काम गर्न नसकेको साँचो हो । त्यसको समीक्षा गर्नंपर्छ र उपचारतिर लाग्नुपर्छ भन्नेतिर माओवादी केन्द्र देशमा एक नम्बर पार्टी हो ।'



# जगदम्बा मोटर्स प्रा. लि.ले गऱ्यो नयाँ एनटर्क रेस एक्सपी ब्ल्याक सार्वजनिक

**काठमाडौं–** स्कुटर राइडिंगको अनुभवलाई नयाँ परिभाषा दिने लक्ष्यसहित, टीभीएस एनटर्कको नेपालका लागि आधिकारिक वितरक जगदम्बा मोटर्स प्रा. लि.ले नयाँ एनटर्क रेस एक्सपी ब्ल्याक सार्वजनिक गरेको छ।

कम्पनीका अनुसार नयाँ स्कुटर यस्तो मेसिन हो जुन केवल गुड्दैन, मोहित पार्छ। नेपालकै पहिलो १० पीएस भन्दा माथिको पावर भएको १२५ सीसी स्कुटर, एनटर्क रेस एक्सपी ब्ल्याकले पावर, स्टाइल र आधुनिक प्रविधिको रोमाञ्चक संयोजन प्रस्तुत गरेको छ।

स्कुटर पारखीहरूका लागि डिजाइन गरिएको यो स्कुटरले डुअल राइड मोड, भ्वाइस असिस्ट प्रविधि र रेस इन्स्पायर्ड डिजाइन सहितको विशेषता प्रस्तुत गरेको छ।

एनटर्क रेस एक्सपी ब्ल्याक, सामान्यताको सिमा भन्दा पर जान चाहनेराइडरहरूका लागि निर्माण गरिएको हो। यसमा स्ट्रीट मोड र रेस मोड गरी डुअल राइडिब मोडहरू उपलब्ध गरिएका छन्।

स्ट्रीट मोडमा यात्रुहरूले सहरको सहज र किफायती यात्रा अनुभव गर्न सक्छन्। त्यसैगरी, रेस मोडमा देखि ६० किलो मिटर प्रति घण्टाको गति मात्र ८.३ सेकेन्डमा प्राप्त गर्दै ८ किलो मिटर प्रति घण्टाको अधिकतम गति दिन्छ।

एनटर्क रेस एक्सपी ब्ल्याकको यो क्षमतालेनेपालको स्कुटर सेग्मेन्टमा नयाँ मानक स्थापित गर्ने कम्पनीको दावी छ। यस स्कुटरले नेपालमै पहिलो पटक भ्वाइस असिस्ट टेक्नोलोजी ल्याएको छ।

यो प्रविधिका माध्यमबाट २० भन्दा बढी भ्वाइस कमान्डहरू मार्फत स्मार्ट कनेक्ट एप को सहज इन्टरेक्शन प्रदान गर्ने कम्पनीले जानकारी दिएको छ। चाहे राइड मोड स्विच गर्नुहोस्, नेभिगेसन चेक गर्नुहोस्, वा कलहरू व्यवस्थापन गर्नुहोस्, एनटर्क रेस एक्सपी ब्ल्याकले नियन्त्रण यात्रुको औंलाम –र अवाज मार्फत नै लिन सकिने ब्यवस्था गरेको छ।

केवल प्रदर्शन मात्र होइन, यो स्कुटर हेर्दै पनि मन लोभ्याउने लुक्स सहित प्रस्तुत गरिएको छ। रेस इन्स्पायर्ड म्याट ब्ल्याक फिनिश, रातो पांग्रा, र एयर




ोडायनामिक ग्राफिक्स यसमा थपिएको आक्रमकता र सौन्दर्यको प्रमाण हो', जगदम्बा मोटर्सका कार्यकारी निर्देशक अखिल गुप्ताले भन्नु भयो, 'रेस ट्युन स्टाइलिब र आधुनिक एयरोडायनामिक्स को संयोजनले एनटर्क रेस एक्सपी ब्ल्याक जहाँ गए पनि सबैको ध्यान खिच्न सक्षम रहेकोछ।'

एनटर्क रेस एक्सपी ब्ल्याकको सार्वजनिक घोषणासँगै, जगदम्बा मोटर्स प्रा. लि.ले नेपालका सडकहरूमा अत्याधुनिक नवीनता ल्याउने क्रमलाई निरन्तरता दिएको गुप्ताले बताए।

उच्च-प्रदर्शनयुक्त दुईपांग्रे सवारीहरूमार्फत हामी सहरी गतिशीलताको परिभाषा बदल्न चाहान्छौं', उनले भन्नुभयो, अब, अँध्यारोलाई उछिन्ने समय आयो! एनटर्क रेस एक्सपी ब्ल्याकको पावर, रोमाञ्चकता र बौद्धिकता अनुभव गर्न तयार हुनुहोस्, किनभने यो केवल स्कुटर मात्र होइन, एउटा स्टेटमेन्ट हो '

जगदम्बा मोटर्स प्रा.लि., नेपालमा टीभीएसका दुई पाँङ्गे सवारी साधनको एक मात्र आधिकारिक वितरक हो। देशभर १५० भन्दा बढी डिलरहरुको बलियो सञ्जालका कारण टिभिएसले बजारमा आफ्नो मजबुत पकड बनाउन र ग्राहकहरूलाई सन्तुष्ट बनाउन सफल भएको छ।

गुणस्तरीय उत्पादन, नवीन टेक्नोलोजीको प्रयोग, बिक्री पश्चातको उत्कृष्ट सेवा र देशभर जगेडा पार्टपुर्जाहरुको उपलब्धताका कारणनै टिभिएस आज नेपालको सर्वाधिक रुचाइएको टु-ह्विलर ब्राण्डका रुपमा स्थापित हुन पुगेको छ।

# एससीटी–युपिआइ कार्डमार्फत भुक्तानी गर्दा शुक्र हाउस अफ डाईग्नोस्टिक्स् एन्ड वेलनेस् सेन्टरमा २०% सम्मको विशेष छुट




**काठमाडौं–** नेपाल राष्ट्र बैंकबाट अनुमति पत्र प्राप्त भुक्तानी प्रणाली सञ्चालक संस्था स्मार्टच्वाइस टेक्नोलोजिज लिमिटेड र बिगत २ वर्ष देखि आफ्नो सेवाग्राहीहरूको स्वास्थ्यलाई आफ्नोप्रथम प्राथमिकता दिदै आएको शुक्र हाउस अफ डाईग्नोस्टिक्सएन्ड वेलनेस्सेन्टर बिच एससीटी- युपिआइ कार्ड प्रयोगकर्ताहरूलाई विशेष छुट दिने सम्झौता भएको छ।

एससीटी-युपिआइ कार्ड प्रयोगकर्ताहरूले यो छुट पाउनका लागि आफ्नो एससीटी-युपिआइ कार्ड मार्फत भुक्तानी गर्नु पर्छ। ग्राहकहरूले त्यसरी एइक्भु मार्फत भुक्तानी गर्दा इन हाउस रुटिन टेस्टमा २०% छुट, इन हाउस स्पेसियलाइजेसन्टेस्टहरूमा १५% छुट, आउट सोर्स टेस्टहरूमा ५% छुट, र एक्सरे, यु एस्जी, इ सी जी, र इको गर्दा १०% छुट पाउनु हुनेछ।

यसका साथैएससीटी-युपिआइ कार्ड प्रयोगकर्ताहरूलाई काठमाडौं उपत्यका भित्र घरमै बसी बसी हुने चिकित्सक परामर्श सेवामा ५% छुट, नर्सिङ्ग केयर सेवामा ५% छुट, र नेपाल अधिराज्य भरि नै टेलिमेडिसीन्सेवा मा ५% छुट रहेको छ भनेकाठमाडौं उपत्यका भित्र निःशुल्क होम कलेक्सनको पनि सुविधा रहेको छ।

एससीटीको हाल सदस्यहरू ५ 'क' वर्गका बैंक, ५ 'ख' वर्गका बैंक, ११ 'ग' वर्गका बैंक र १००+ सहकारी संस्थाहरू रहेका छन्। ग्राहकहरूको स्वास्थ्यलाई मध्यनजर राखेर एससीटी र शुक्र हाउस अफ डाईग्नोस्टिक्स् एन्ड वेलनेस्सेन्टरले ल्याएकोयो अफरलेमाथि उल्लेखित बैंकहरूबाट एससीटी युपिआइ कार्ड लिनुभएका ग्राहकहरूलाई पूर्ण फाइदा लिन दुवै पक्ष्यबाट प्रोत्साहित गरिएको छ।

एससीटी-युपिआइ कार्ड नहुने ग्राहकहरूले पनि यस अफरमा सहभागी हुनलाई आफ्नो नजिकैको एससीटीसँग आबद्ध बैंकमा गएर सजिलैएससीटी युपिआइ कार्ड लिन सक्नुहुनेछ।

# नेक र मलेसियाको जे एस जे कलेजबीच शैक्षिक समझदारी कायम

**काठमाडौं–** मुनाफारहित सामाजिक शैक्षिक संस्थाका रुपमा सञ्चालित नेपाल इन्जिनियरिङ कलेज (नेक) र मलेसियाको जे एस जे कलेज विच शैक्षिक समझदारी भएको छ।

कार्यक्रमहरुको आदानप्रदान गर्ने, अनुसन्धान तथा परियोजनामा सहकार्य गर्ने, प्रबिधि र स्रोतको साझा प्रयोग, तालिम तथा सेमिनार आयोजना गर्ने हेतुले दुइवटा शैक्षिक संस्था बीच समझदारी भएको हो।

समझदारीमा नेकको तर्फबाट सहायक प्राचार्य इन्जिनियर सह-प्राध्यापक मोहनध्वज के.सी. र जे एस जे कलेज मलेसियाको तर्फबाट चिफ कार्यकारी अधिकृत डा. के. हरिकृष्णनले हस्ताक्षर गर्नु भएको छ।

सहायक प्राचार्य के.सी.ले समझदारीले दुई कलेजको शैक्षिक गुणस्तर अभिबृद्धि गर्न, विद्यार्थीहरुको पढाई र अनुसन्धानलाई अझ फराकिलो बनाउन टेवा पुग्ने बताउनु भयो।

'विद्यार्थीहरुको ज्ञान, सीप र क्षमता अभिबृद्धि गर्न, पढाईको गुणस्तरीयता कायम गर्न तथा विद्यार्थीहरुलाई राष्ट्रिय अन्तराष्ट्रिय स्तरमै एक्सपोज हुने अवसर प्रदान गर्न विभिन्न देशका प्रतिष्ठित कलेजहरुसँग हाम्रो सहकार्य भइरहेको हुन्छ।

त्यसै अनुरुप मलेसियाको प्रतिष्ठित कलेज जे एस जे कलेजसँग पनि शैक्षिक समझदारी कायम गरिएको हो।' नेकका सहायक प्राचार्य के.सी.ले बताउनु भयो।

जे एस जे कलेज सीपमा आधारित शिक्षा प्रदान गर्ने मलेसियाको उत्कृष्ट कलेज हो। यसलाई मलेसियाको मानव संसाधन मन्त्रालय अन्तरगतको जबातन पेम्बाङ्गुनन केमारिहनले फाइभ स्टार दिएको छ। विगत १० वर्षदेखि कलेजले विश्वब्यापी औद्योगिक उच्च दक्ष जनशक्ति उत्पादन गर्दै आइरहेको छ।

उक्त मओयू कार्यक्रमको संयोजन इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन तथा इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स विभागका विभागीय प्रमुख इ.सह-प्राध्यापक सचिन श्रेष्ठले गर्नु भएको थियो।

# प्रभु बैंक लि गण्डकी प्रदेशद्वारा बुर्तिबाङमा ग्लोबल मनी वीक २०२५को अवसरमा ऱ्याली आयोजना

**काठमाडौं–** प्रभु बैंक लि गण्डकी प्रदेशद्वारा बागलुङ्ग जिल्लाको पश्चिम भेग बुर्तिबाङमा ग्लोबल मनी वीक २०२५ को अवसर पारेर आज एक बित्तिय जनचेतनामूलक ऱ्यालीको आयोजना गऱ्यो। "अनुसरण गर्नु अघि सोचौं, भोलिका लागि बुद्धिमानीपूर्ण वित्तीय निर्णय गरौं। अरुका कुरा सुनौं तर आधिकारिक कुरा सुनि निर्णय गरौं।" भन्ने मूल नाराका साथ आयोजित यस ऱ्यालीले बुर्तिबाङ बजार क्षेत्रको परिक्रमा गरेको थियो।

ऱ्यालीमा सहभागीहरुले वित्तीय साक्षरता सम्बन्धी नारा लेखिएका प्लेकार्ड र ब्यानर बोकेका थिए। कार्यक्रममा बोल्दै प्रभु बैंक बुर्तिबाङ शाखाका प्रमुख ज्ञान बहादुर क्षेत्रीले ग्लोबल मनी वीकको महत्व र वित्तीय साक्षरताको आवश्यकता बारे प्रकाश पार्नुभयो। उहाँले बालबालिका, बृद्ध तथा युवापुस्तालाई बचत, लगानी र वित्तीय योजनाको महत्व बुझाउन यस्ता कार्यक्रमहरुले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

यस ऱ्यालीको मुख्य उद्देश्य युवा पुस्तालाई




सानैदेखि बचत गर्ने बानीको विकास गराउनु, वित्तीय योजनाको महत्व बुझाउनु र वित्तीय साक्षरताको प्रवर्द्धन गर्नु थियो। बैंकले आगामी दिनहरुमा पनि यस्ता जनचेतनामूलक कार्यक्रमहरु आयोजना गर्दै जाने प्रतिबद्धता व्यक्त गरेको छ।

यस ऱ्यालीमा सहभागी सम्पूर्णलाई प्रभु बैंक बुर्तिबाङ शाखाले हार्दिक धन्यवाद ज्ञापन गरेको छ।

# स्मार्ट टेलिकमको सम्पत्ति व्यवस्थापन अनिश्चित




**काठमाडौं–** लाइसेन्स खारेज भएको स्मार्ट टेलिकमको सम्पत्ति व्यवस्थापन अनिश्चित भएको छ।

नेपाल दूरसञ्चार प्राधिकरणले दुई वर्षसम्म मूल्य निर्धारण समिति नै गठन नगरेपछि स्मार्ट टेलिकमको सम्पत्ति व्यवस्थापन अनिश्चित बन्न पुगेको हो।

प्राधिकरणले २०८० वैशाखमा समिति गठनको प्रक्रिया अगाडि बढाएकामा एक सदस्यको अझै टुंगो लाग्न सकेको छैन। प्राधिकरणले सोमबार चार्टर्ड एकाउन्टेन्टहरुसँग आशयपत्र मागेको छ। यसका लागि ७ दिनको समय दिइएको छ। स्मार्ट टेलिकमको लाइसेन्स २०८० वैशाख २० गते खारेज भएको थियो।

लाइसेन्स खारेज भएको सेवा प्रदायकको पूर्वाधार, संरचना, दूरसंचार प्रणाली, दूरसञ्चार सञ्जाल तथा सम्पत्ति बिक्री गर्न मूल्य निर्धारण गर्नुपर्ने कानुनी व्यवस्था छ। प्राधिकरणको नियमावलीमा ४ सदस्यीय समिति गठनको व्यवस्था छ।

आधारभूत टेलिफोन सेवाको अनुमतिपत्र पाएको स्मार्ट टेलिकमले नवीकरणका लागि नियमानुसार दस्तुर नबुझाएपछि लाइसेन्स स्वतः खारेज भएको थियो।

स्मार्ट टेलिकमले २०७० सालमा एकीकृत लाइसेन्स प्राधिकरणले २०७६ साउन १३ मा खारेज गरिदिएको थियो। त्यसबेला प्राधिकरणले लाइसेन्स नवीकरण शुल्क, ग्रामीण दूरसञ्चार विकास कोष शुल्क, रोयल्टी र फ्रिक्वेन्सी शुल्क गरी तीन अर्ब रुपैयाँभन्दा बढीको बक्यौता नतिरेको भन्दै लाइसेन्स खारेज गर्ने निर्णय गरेको थियो।

तर, ३५ दिने पुनरावेदन प्रावधानलाई टेकेर स्मार्टले संचार मन्त्रालयबाट क्याबिनेट पुऱ्याएर प्राधिकरणले गरेको खारेजीको निर्णय २०७६ पुस २१ मा उल्ट्याएको थियो। स्मार्टले २०७७ वैशाखभित्र लाइसेन्स नवीकरण शुल्कको आठौं किस्ता भुक्तानी गर्नुपर्थ्यो। त्यो रकम एक अर्ब २५ करोड रुपैयाँ थियो।

अर्को वैशाखसम्म नवौं किस्तास्वरुप एक अर्ब ५० करोड रुपैयाँ र त्यसपछिको अर्को वैशाखसम्म दशौं किस्तावापत १० अर्ब १३ करोड रुपैयाँ भुक्तानी गर्नुपर्थ्यो। यो रकम भुक्तानी गरे मात्रै कम्पनीको लाइसेन्स नवीकरण हुन्थ्यो।

यो तीन वर्षमा लाइसेन्स नवीकरणका लागि झण्डै १३ अर्ब रुपैयाँ र पुरानो बक्यौताको किस्तावापत दुई अर्ब रुपैयाँ गरी स्मार्टले १५ अर्ब रुपैयाँ राजस्व बुझाउनुपर्थ्यो। त्यसबाहेक कम्पनीले फ्रिक्वेन्सी, कारोबारका आधारमा रोयल्टी र ग्रामीण दूरसञ्चार विकास कोष शुल्क समेत भुक्तानी गर्नुपर्थ्यो। तर, स्मार्टले समयमै बक्यौता भुक्तानी नगरेपछि अनुमतिपत्र स्वतः रद्द भएको थियो।

# ग्लोबल आइएमई बैंकबाट वैदेशिक शिक्षा तथा भाषा परिक्षाका लागि ५० प्रतिशत छुट

**काठमाडौं–** ग्लोबल आइएमई बैंकबाट वैदेशिक शिक्षा तथा भाषा परिक्षाका लागि लाग्ने शुल्कको अनलाइन भुक्तानी गर्दा सेवा शुल्कमा ५० प्रतिशत छुट बैंकले सार्वजनिक गरेको योजना अनुसार नेपाली विद्यार्थीहरुले विभिन्न अन्तर्राष्ट्रिय विश्वविद्यालयहरुको शैक्षिक शुल्क, बीमा शुल्क लगायत विभिन्न भाषा परिक्षा (क्ष्भित्क, त्इभ्, क्ब्, न्ब्, एत्भ, ब्क्ष्त, ब्क्ष्त्क्ष्ब, ग्कीभ) को शुल्क अनलाइन भुक्तानी गर्दा लाग्ने सेवा शुल्कमा ५० प्रतिशत छुट प्रदान गर्नेछ।

यो योजना अगस्ट ३१, २०२५ सम्म लागू हुनेछ। अन्तर्राष्ट्रिय अनलाइन भुक्तानी सेवामा सेवाग्राहीहरुले भुक्तानीको लागि आवश्यक पर्ने सम्पूर्ण कागजजात पुरा गरेपश्चात् बैंकले रकम भुक्तानीको लागि लाग्ने सेवा शुल्कमा ५० प्रतिशत छुट प्रदान गर्ने छ।

ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ तथा युरो मनी अर्वाड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रुपमा सम्मानित बैंक हो।

साथै, ग्लोबल आइएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुबाट फरकफरक विधामा सम्मानित भएको छ। ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो। बैंकको ३५५ शाखा कार्यालय, ३८५ एटिएम, २३७ शाखा रहित बैंकिङ्ग सेवा, ६७ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा




बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ।

बैंकले नेपाली नागरिकहरूलाई बैंकिङ सेवाहरू प्रदान गर्नुका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स सेवा पनि दिँदै आएको छ। बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अस्ट्रेलिया, मलेशिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत, जोर्डन लगायत अन्य देशहरूबाट रेमिट्यान्स भित्र्याउने काम गर्दै आएको छ।

# खेलकुद

## सात दशकयता न्युकासललाई पहिलो उपाधि




**काठमाडौं–** न्युकासल युनाइटेड सात दशक लामो उपाधिको खडेरीलाई तोड्दै आइतबार लिग कप जितेको छ । वेम्बलीमा भएको फाइनलमा उसले लिभरपुलमाथि २-१ को जित निकालेको हो । न्युकासलले यसअघि सन् १९६९ मा अन्तिम पटक उपाधि जितेको थियो ।

डन बर्न र एलेक्जान्डर इसाकले न्युकासलका लागि गोल गरे । दोस्रो हाफको इन्ज्युरी समयको चौथो मिनेट फेडरिको चिसाले लिभरपुलका लागि एक गोल फर्काए । न्युकासलले सन् १९६९ मा इन्टर सिटी फियर्सकप जितेको थियो ।

यस्तै, उसले सन् १९५५ यता पहिलो घरेलु कप जितेको छ । त्यति बेला उसले एफएकप हात पारेको थियो । यो सिजन लिभरपुलको कप उपाधि जित्ने सम्भावना समाप्त भएको छ । लिभरपुल युरोपेली च्याम्पियन्स लिग र एफएकपबाट पनि बाहिरिसकेको छ ।

## लेस्टरमाथि युनाइटेडको सहज जित

**काठमाडौं–** म्यानचेस्टर युनाइटेडले इंग्लिस प्रिमियर लिगमा आइतबार लेस्टर सिटीमाथि ३-० को सहज जित निकालेको छ । युनाइटेडका लागि रसमस होजलन्ड, एलेजान्ड्रो गारन्चो र ब्रुनो फर्नान्डेजले गोल गरे ।

हजलन्डले युनाइटेडका लागि आफ्नो २१ खेलको गोलविहीन यात्रामा पनि पूर्णविराम लगाए । यो जितपछि युनाइटेडको ३७ अंक भएको छ र १३ औं स्थानमा रह्यो । हारले लेस्टरमाथि भने रेलिगेसन दबाब अझ बढेको छ ।

लेस्टर १७ अंकमा १९ औं स्थानमा कायम रह्यो । यो लिग तालिकाको सुरक्षित स्थानबाट



अझै नौ अंकको दूरी हो । इपस्विच टाउन, लेस्टर र साउथह्याम्पटन रेलिगेसन क्षेत्रमा संघर्षरत छन् ।

## भावनामा बगेर दोहोरो नागरिकता दिन हुँदैन : सञ्चारमन्त्री



**काठमाडौं–** सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले नेपालले भावनामा बगेर दोहोरो नागरिकतालाई स्वीकार नगरेको बताएका छन् ।

सोमबार प्रतिनिधिसभा बैठकमा 'सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक -२०८१' माथिको छलफलमा सांसदहरूले राखेको सुझावका विषयमा जवाफ दिने क्रममा उनले यस्तो बताएका हुन् ।

गैरआवासीय नेपालीलाई नेपाली नागरिकभन्दा फरक तर सहुलियत नागरिकता दिने व्यवस्था गरेको उनको भनाइ थियो ।

'भावनामा नडुबिकन नेपालले अहिलेसम्म दोहोरो नागरिकताको प्रावधानलाई स्वीकारेको छैन नेपाल राज्यले । त्यसकारण हामीले के नबुझौ भने गैरआवासीय नागरिकता प्राप्त व्यक्ति भनेर किन भन्नु परेको ? यो कुरा तपाई हामी यहाँ बसेका सबै माननीयज्यूहरु हुनुहुन्छ, उहाँहरूले प्राप्त गरेको नागरिकता हामीले प्राप्त गरेको जस्तो जनरल होइन,' उनले भने ।

नेपाली नागरिकता त्याग गर्न नचाहने गैरआवासीय नेपाली मुलका व्यक्तिलाई मात्रै गैरआवासीय नेपाली नागरिकता दिने व्यवस्था गरिएको उनले बताए ।

'त्यसकारणले गैरआवासीय नागरिकता त्यस्ता व्यक्तिलाई दिएको छ जो नेपाली मुलको विदेशी नागरिक छ र त्यहीँ बसेको छ, जस्ले हाम्रो नागरिकता त्याग नगर्ने कुरा गरेको छ,' उनले भने ।

सञ्चारमन्त्री गुरुङले विदेशमा बसेको नेपाली मुलका नेपाली नागरिकलाई दुई वर्षका लागि भिसा सहुलियत दिने व्यवस्था गरिएको बताए ।

## ८ महिनामा ५८६ विदेशीले नेपालमा लिए श्रम स्वीकृति

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८१/८२ को ८ महिना (साउन-फागुन) अवधिमा ५ सय ८६ विदेशीले नेपालमा श्रम स्वीकृति लिएका छन् ।

श्रम तथा व्यवसायजन्य सुरक्षा विभागका अनुसार फागुनमा मात्र ५५ विदेशीले यस्तो श्रम स्वीकृति लिएका छन् । नेपालमा श्रम स्वीकृति लिएर काम गर्नेमा धेरै चिनियाँ छन् । श्रम स्वीकृति लिनेमा बेलायत र अमेरिकाका समेत छन् ।

यस वर्ष ८ महिनामा १ हजार ८१ विदेशीको श्रम स्वीकृति नवीकरण भएको छ । फागुनमा मात्र १ सय १३ विदेशीको श्रम स्वीकृति नवीकरण गरिएको विभागले जनाएको छ ।



फागुनसम्म विभागले २६ प्रतिष्ठानमा अनुगमन गरेको छ । जसमा विदेशी श्रमिकले श्रम स्वीकृति लिए-नलिएको अनुगमन गरिएको समेत विभागले जनाएको छ । फागुनमा मात्र २ वटा अनुगमन गरिएको छ ।

व्यक्तिगत स्वास्थ्यमा ध्यान दिऔं

## कुलबंशको खोजी र सभ्यताको पहिचानमा पूर्व मन्त्री रिजालको जोड



**दैलेख-** पूर्व मन्त्री मिनेन्द्रप्रसाद रिजालले कुलबंशको खोजी गर्ने कुरा सभ्यता पहिचान र समाजलाई गतिशील बनाउने बताउनुएको छ । रिजालहरुको आदिभूमि दुल्लू नगपालिका-५ रिजुमा आज आयोजित बिन्ध्यवासिनी मन्दिरको पूजा कार्यक्रममा उहाँले सो विचार राख्नुभएको हो ।

रिजालले सभ्यता सिकाउने संस्कार अबलम्वन गर्न र विभेद जनाउने कुसंस्कार त्याग्दै जानुपर्ने सुझाव दिनुभयो । 'आफ्नो कुलबंश र नाता खोजी गर्दा सामाजिक सम्वन्ध दरिलो हुन्छ तर जातको उचनिच छुट्टयाउने असमानताले सामाजिक विचलन ल्याउछ' उहाँले भन्नुभयो ।

स्त्रीरोग विशेषज्ञ एवं बरिष्ठ साहित्यकार डा. भोला रिजालले विज्ञानले पनि धर्म, दर्शन र अध्यात्मलाई स्वीकार गरेको बताउदै समाजको विश्लेषण गर्न हरेक जातिको आफ्नो बंश, परम्पराको खोजी गर्न आवश्यक रहेको बताउनुभयो । कार्यक्रम उहाँको अध्यक्षतामा भएको थियो ।

कार्यक्रममा संविधानसभाका सदस्यद्वय लक्ष्मीप्रसाद पोखरेल, राजबहादुर बुढा, कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री घनश्याम भण्डारी, दुल्लू नगरपालिकाका मेयर भरतप्रसाद रिजाल लगायतका जनप्रतिनिधि तथा सामाजिक अगुवाहरुले बोल्नुभएको थियो ।

दुल्लू नगरपालिका-५ रिजु रिजाल थर धनाञ्जय गोत्रीयहरुको आराध्य बिन्ध्यवासिनी मन्दिरमा ४३ फीट अग्लो त्रिसुल, घण्ट, शंखको अनावरण गरी पूजाअर्चना गरिएको थियो । नेपालभर धनाञ्जय गोत्रीयहरु करिब ९ लाख जति भएको मानिन्छ । रिजालहरुले रिजुलाई करिब ९ सय वर्ष पुरानो पुर्ख्यौली थलो मान्दछन् ।

## अतिरिक्त सचिव ब्युताउनेबारे छलफलमा कानुन मन्त्रालय र लोकसेवा आयोग

**काठमाडौं–** संघीय निजामती कर्मचारीमा अतिरिक्त सचिव ब्युताउनेबारे छलफलमा कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय र लोकसेवा आयोगका अधिकारीहरू छलफलमा जुटेका छन् ।

संसदीय समितिले नै यो विषयमा प्रस्ताव ल्याउन भनेपछि दुवै निकायका अधिकारीहरू छलफलमा जुटेका हुन् ।

'१७ र १८ जना सहसचिवको सचिव नै नभएर जाने भयौं भन्ने छ । यो विषयमा के गर्ने भनेर कानुन मन्त्रालयलाई र लोकसेवा आयोगलाई होमवर्क गर्न भनिएको छ । उनीहरू छलफलमा छन् । उनीहरूको प्रस्ताव आएपछि थप छलफल हुन्छ' राजय व्यवस्था समितिका एक सचिवले भने ।

तर, राणाकालीन पद भनेर नामाकरण अर्कै गर्नेबारे छलफल चलिरहेको छ । 'राणाकालीन पद भन्न थाले । त्यसकारण १३ औं तह विशिष्ठ श्रेणी भन्ने वा के भन्ने भनेर छलफल चलिरहेको छ' एक सदस्यले जानकारी दिए ।

के पद नाम गर्ने भनेर कानुन मन्त्रालय र लोकसेवा आयोगका अधिकारीहरूबीच छलफल चलिरहेको छ ।

२०४६ साल अगाडि छोटो अवधि र २०४९ सालदेखि




२०५९ सालसम्म दश वर्ष निजामती सेवामा अतिरिक्त सचिवको व्यवस्था थियो । त्यसयता, अभ्यासमा नरहेको यो व्यवस्था पुनः ब्युताउन लागिएको हो ।

पञ्चायतका छोटो अवधिमा अभ्यासमा रहेको यो व्यवस्थालाई २०४९ सालदेखि दश वर्षसम्मको संवैधानिक तथा सक्रिय राजतन्त्रकालमा अंगीकार गरिएको थियो । त्यसयता अभ्यासमा नरहेको यो व्यवस्था २२ वर्षपछि पुनः ब्युताउन कतिपय सांसदहरूले नै प्रस्ताव राखेका थिए । त्यसआधारमा छलफल चलिरहेको छ ।

## भोजपुरमा सामुदायिक वनको डढेलो बस्तीमा फैलिँदा ८ घर जलेर नष्ट



**काठमाडौं–** भोजपुरको भोजपुर नगरपालिका-१२ मा भीषण आगलागी भएको छ ।

इनामे सामुदायिक वनबाट बस्तीमा फैलिएको आगोले ८ घर-पाली जलेर नष्ट भएको भोजपुर प्रहरीले जनाएको छ ।

आगलागीबाट स्थानीय कालीदास चपागाईंको पाली, सोभित श्रेष्ठको घर र पाली, गोपीकृष्ण धमलाको पाली, गोविन्द चापागाईंको पाली, रुद्रप्रसाद ढकालको घर र पाली, गोमा दमाईको घर, रामबाहदुर कार्कीको घर र पाली र शंकर धमलाको घर जलेर नष्ट भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार आगलागीबाट गोमा दमईको दुई वटा सुँगुर समेत मरेको छ ।

इनामे सामुदायिक वन अन्तर्गत पारपाने टङटङ्गे डाँडाबाट आगो बस्तीमा फैलिएको थियो ।

नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र स्थानीयहरूले आगलागी नियन्त्रणमा लिने प्रयास गरिरहेका छन् । आगलागी क्षेत्रमा हावाहुरी चलिरहेका कारण आगो नियन्त्रणमा लिन अझै नसकिएको भोजपुर प्रहरीले जनाएको छ । आगलागीबाट मानवीय क्षति भने भएको छैन ।

**खोटाङमा ५ घर जलेर नष्ट**

खोटाङको हलेसी तुवाचुङ नगरपालिका-२ डिकुवा स्थित सामुदायिक जंगलमा लागेको आगो बस्तीमा फैलिँदा ५ वटा घर जलेर क्षति पुगेको छ ।

सशस्त्रका सहप्रवक्ता डीएसपी शैलेन्द्र थापाका अनुसार सोमबार दिउँसो बस्तीसम्म पुगेको आगोले ५ वटा घर जलेर क्षति पुगेको हो ।

बस्ती पसेको आगो नियन्त्रणमा लिनका लागि सशस्त्र प्रहरी, नेपाल प्रहरी र स्थानीयहरूले प्रयास गरिरहेको उनले बताए ।

## धनुषामा गोली लागेका युवकको पहिचान खुल्यो

**जनकपुरधाम–** धनुषाको सबैला नगरपालिका-९ भठियानमा प्रहरीले चलाएको गोली लागेर घाइते भएका युवकको पहिचान खुलेको छ । घाइते हुनेमा सहिद नगरपालिका-१ कुम्भकरणका २० वर्षीय सन्तोषकुमार यादव रहेका छन् ।

सबैला नगरपालिका-९ भठिहनस्थित चोकको नाम राख्ने विषयमा सोमबार झडप भएको थियो । दुई पक्षबीच भएको झडप नियन्त्रण गर्न प्रहरीले गोली चलाउनु परेको धनुषाका प्रहरी प्रवक्ता डीएसपी बरुणबहादुर सिंहले जानकारी दिए ।

गोली लागेर घाइते भएका यादवलाई उपचारका लागि जनकपुरधामस्थित प्रादेशिक अस्पताल पुऱ्याइएको डीएसपी सिंहले बताए । उनका अनुसार यादवको मलद्वारमा गोली लागेको छ ।



भठिहनस्थित चोकमा केही अघि यादव चोक लेखिएको बोर्ड राखिएको थियो । त्यसपछि अन्य समुदायले सो बोर्ड उखेलेपछि आइतबारदेखि दुई समूहबीच तनाव बढेको छ ।

# लोप हुँदै रानाथारूले होलीमा लगाउने परम्परागत गहना

*पुराना गहना बनाउने कारिगर पाउन मुस्किल छ । रानाथारु समुदायका पुरुषले झगिया, फेटा र हातमा बिल्ला लिएर होली खेल्ने गर्दथे ।*



**कञ्चनपुर–** परम्परागत गहना र पहिरन लगाएर होली खेलेको सम्झना शुक्लाफाँटा नगरपालिका-६ कसरौलका ५५ वर्षीया सवदा रानालाई छ । घघँरिया, अँगिया, फतुई, उढनीयालगायत आकर्षक तरिकाले घरमै हातले बुनेका परम्परागत पहिरन लगाएर होलीमा नृत्य गरेको उनी सम्झिन्छिन् । त्यसबेला शिरदेखि पाउसम्म छपक्कै ढाकिने गहना लगाउने चलन रहेको उनले बताइन् ।

उनका अनुसार होलीमा सहभागी हुने महिलाले कपालमा चाँदीको चाँपी, कानमा वीर, नक्बेसर, नाकमा नथुनी, घाँटीमा चाँदीको पैसाले बेरेको कालो धागो, त्यसको तल, कठुला, हसुला, सकरगरेला लगाउने गर्दथे । पाखुरामा लगौरा, नाडीमा पहुँची, औंलामा कलात्मक औंठी, कम्मरमा सिक्रीवाला कैंधनी, पैतलामाथि ढुन्नी, ढुन्नीको तल पैंडा र पायल लगाउने गर्दथे । गर्धनमा कण्ठ, गरिया र घिच्ची लगाउने गर्दथे ।

‘टाउकामा उढनिया, गलामा हार र कण्ठसिरीमाला, छातीमा फतुई, करेहाओमा घँघरिया र खुट्टामा पैणा लगाएको महिलालाई त्यतिबेलाको समाजमा उच्च सम्मान गरिन्थ्यो’, उनले भनिन्, ‘त्यस्तो पहिरन र गहना लगाउने महिलालाई सभ्य र संस्कारयुक्त भएको महिलाका रूपमा लिने गरिन्थ्यो ।’

हाल ती गहना थोरै महिलासँग मात्र छन् । धेरैले आधुनिक बजारमा चलनचल्तीका गहना लगाउने कार्यले पुराना गहनाको महत्त्व घट्दै गएको उनको भनाइ छ ।

पुराना गहना बनाउने कारिगर पाउन मुस्किल छ । रानाथारू समुदायका पुरूषले झगिया, फेटा र हातमा बिल्ला लिएर होली खेल्ने गर्दथे । हाल पुराना पहिरन, गहना हराउँदै गएको रामदास रानाले बताए । ‘पुरूषले लगाउने पुरानो पहिरन लगाउनै छाडेका छन्,’ उनले भने, ‘जनचेतनामा जोड दिन थालिएपछि विगतमा हराउँदै जान थालेको महिलाका पहिरन जोगाउन भने हालसम्म सकिएको छ, तर पहिरनमा आधुनिकताको छाप भने परेको छ ।’

रानाथारू समुदायले माघ शुक्ल पूर्णिमाका दिनदेखि होलीको प्रतीक राखेर होली प्रारम्भ गर्ने गरिन्छ । यसबेला मथुराबाट होलीलाई बोलाउने (आह्वान) गरिन्छ । प्रतीक स्थापना गरेको एक महिनासम्म रातिका बेला महिला पुरूषले भगवान्का कथालाई होली गीतमा ढाल्दै गाउने गरिन्छ । त्यो क्रम फागुन शुक्ल पक्षको पूर्णिमासम्म रहन्छ ।

गाउँको दक्षिणी पूर्वतर्फ स्थापना गरिएको होलिका पूर्णिमाको दिन दहन गरिन्छ । एक महिनासम्म रातिका बेला खेलिनेलाई जिउँदो होली भन्ने गरिन्छ । होलिका जलाएको भोलिपल्ट खरानीको टीका लगाउने गरिन्छ । त्योभन्दा अगाडि टीका नलाग्ने चलन रानाथारू समुदायमा रहेको थारू अगुवा जगता रानाले बताए । त्यसै दिनदेखि आठ दिनसम्म मरेकी होली खेलिन्छ । आठौं दिनको बेलुका खखडेहरा खेलिन्छ ।

‘यस क्रममा होलीलाई बृन्दावन, मथुरामा पठाउने कार्य गरिन्छ’, उनले भने, ‘खप्टा, घल्ला, घोडाको माटोका प्रतिमालाई फोड्ने कार्य गरिन्छ ।’ फोड्ने काममा गाउँका अगुवा भलमन्सा, गुरूवालगायत मात्र जाने चलन छ । यसो गरेपछि दुष्टआत्मा गाउँमा प्रवेश नगर्ने भनाइ थारू समुदायका बुढापाकाको छ । उहाँहरूका अनुसार प्रतिमा फोरेर घर फर्कंदा पछाडि फर्केर भने हेर्नं हुँदैन । हेरे दुष्टात्मा पुनः गाउँ फर्कने विश्वास छ ।

पुरूषको होली त्यसै बेलादेखि सकिन्छ भने महिलाको होली चैत चराईमा पठाइने गरिन्छ । होली प्रारम्भ गर्दा, होली जलाउने बेला, साँझ, राति, दिउँसो गरी फरकफरक समयमा फरकफरक होलीका गीत गाइने गरिन्छ । होलीमा गीतको सुरूआत गर्ने (अगुवाइ गर्ने) महिलालाई मोढी भनिन्छ ।

मोढीको सिको गर्दै गीत गाउनेलाई पिछडिया भन्ने गरिन्छ । होलीमा ढोलक बनाउनेलाई ढोलिया भनिन्छ । पुराना होलीका गीतलाई लिपिबद्ध गर्ने कार्य नहुँदा हराउँदै जान थालेकोप्रति रानाथारू समुदायका बुढापाकाले चिन्ता जाहेर गरेका छन् ।

होली प्रत्येकको घरमा परम्परागत चलन अनुसार खेल्ने गरिन्छ । होलीमा सगुनका रूपमा गुड भेली दिने चलन रानाथारू समुदायमा छ । फगुवाका रूपमा पैसा दिने चलन पनि छ ।

पृष्ठ १ बाट जारी

**नागरिता पाउन कठिन...**

आर्थिक विपन्नताका कारण केही समय रोजगारीका लागि भारतको पञ्जाबमा काम गरेर फर्केका मागैन अब स्वदेशमै मेहेनत गर्न चाहे पनि नेपाली भएको कुनै पहिचान नहुँदा समस्या भइरहेको सुनाउछन् । उनका अनुसार नागरिकताका लागि तत्कालीन गाविस कार्यालयदेखि अहिलेको स्थानीय तहको वडा कार्यालयसम्म नागरिकताको सिफारिसका लागि धाउँदै आएँ तर सकिएन ।

“नागरिकताको सिफारिसका लागि जन्मदर्ता खोज्छन्, श्रीमान्को नागरिकता र आमाबुबाको नागरिकता माग्छन्”, उर्मिला सदा भने, “तर न आफ्नो जन्मदर्ता छ, न श्रीमानको नागरिकता नै, नेपाली भएको कुनै प्रमाण नै छैन ।” त्यसैले त नेपाली भएर पनि आफ्नो जीवन नै व्यर्थ भएको महसुस भइरहेको छ ।”

नागरिकता नहुँदा राज्यको मात्र होइन, समाज तथा समुदायबाट पनि अलग हुनुपरेको दुखेसो सुनाउँदै उर्मिलाले भने , “नागरिकताकै अभावमा गाउँस्तरमा बन्ने कुनै पनि समूहमा सदस्यता पाउन सकिरहेकी छुइनँ ।” यस्तै समस्यासँग जुध्दैछन् सोही ठाउँका चन्दर सदाको परिवार पनि । उनका बुबा धोथर सदाको नागरिकता नहुँदा चन्दरको सिङ्गो परिवार नै नागरिकता पाउनबाट वञ्चित छन् ।

चन्दरको नागरिकता नहुँदा उहाँकी ३५ वर्षीया श्रीमती कदमीदेवी, जेठी छोरी १७ वर्षीया पूजा, १५ वर्षीया छोरी श्रद्धा, १० वर्षीय छोरा फुलेशरा, छ वर्षीया छोरी फुलेश्वरी सदा र चार वर्षीय छोरा आयुष सदा पनि जन्मदर्ता र नागरिकताबाट वञ्चित छन् । चन्दर सदाका बुबा धोथर सदाको नागरिकता नबन्दा अहिले पूरै परिवार पहिचानविहीन छन् ।

यो समस्या सप्तरीको शम्भुनाथ नगरपालिकामा मात्र होइन, सप्तरीको विभिन्न स्थानीय तहमा छ । सप्तरीका विभिन्न स्थानीय तहमा जन्मदर्ता, विवाह दर्ता र नागरिकताको ठूलो समस्या पाइएपछि व्यक्तिगत घटना दर्ताका लागि सचेतना कार्यक्रमसमेत सुरु गरिएको छ । द फ्रिडम फण्डको सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्रले सप्तरीमा हरवाचरवा दलित समुदाय लक्षित घटना दर्ता अभियान सञ्चालन गरेको हो । अभियानका क्रममा शम्भुनाथ नगरपालिकाका विभिन्न वडा तथा जिल्लाका विभिन्न स्थानीय तहमा नागरिकताबाट वञ्चित भएकाहरूको तथ्याङ्क सङ्कलन गरी जन्मदर्ता र नागरिकता बनाउनसमेत पहल गरिरहेको श्रीपुर्राज सामुदायिक विकास केन्द्रका सहजकर्ता बिजली रामले बताए ।

उहाँका अनुसार सप्तरीको शम्भुनाथ, बोदेबर्साइन, डाक्नेश्वरी नगरपालिका र रुपनी गाउँपालिकामा तथ्याङ्क सङ्कलनसँगै नागरिकता जन्मदर्ता बनाउने अभियान सञ्चालन गर्दै आएको छ । यसरी जन्मदर्ताबाट वञ्चित रहेका तीमध्ये अधिकांशले जन्मदर्ताकै कारण पढ्न नसकेको समेत नपाइएको तथ्य पाइएको छ । चेतना आभावमा नागरिकता र जन्मदर्ताको महत्त्व नबुझेर पूर्वजहरूले समयमै जन्म, विवाह र मृत्युदर्ता बनाउन होस नपुर्याउँदा अहिलेको सन्ततिले नराम्ररी दुःख पाइरहेको शम्भुनाथ नगरपालिकाका कार्यवाहक नगरप्रमुख अनिताकुमारी चौधरीको भनाइ छ ।

“त्यतिखेर पूर्वजहरूले नागरिकताको खासै महत्त्व बुझेन र बनाउने प्रयास पनि गरेन”, कार्यवाहक नगरप्रमुख चौधरीले भनिन्, “अहिले त्यहीँ भएर सन्ततिले दुःख पाइरहेका छन्, अब कानुनी जटिलता छ, हामीले चाहेर पनि नागरिकताका लागि सिफारिस गर्न सक्ने अवस्था छैन”, उनको कथन छ । प्रमाण जुटाउन नसक्दा जन्मदर्ता र नागरिकताको सिफारिस गर्न कठिनाइ भइरहेको सुनाउँदै शम्भुनाथ नगरपालिका-३ का वडाध्यक्ष नवीनकुमार चौधरी ती परिवारको नागरिकता समस्या समाधानका लागि पहल गरिरहेको बताए ।

यस्ता समस्या सप्तरीमा मात्र नभएर देशमा पाहाडी जिल्लाहरुमा समेत भारतमा काम गर्न गएका र उत्तै विवाह गरी बसेका तर धेरै समयपछि नेपालमा आएर नागरिता लिन चाहाने युवायुवतीहरुको ठूलो मात्रमा समस्या रहेको छ । भने कतिपय बुबाको पहिचान नखुलेका बालबालिकाको समस्या पनि निक्कै नै छ । तर पछिल्लो संविधानले आमाको नामवाट पनि नागरिता लिन पाउने अधिकार दिएको छ । तर संविधान बन्नुभन्दा अगाडी जन्मेका नागरिता नपाउने डरले अरुनै विकल्प खोजेर नाम फरक राख्दा नाम नमिलेर नागरिता नपाएकाहरुको संख्या पनि उत्तिक्कै रहेको छ । संम्बन्धित निकायको ध्यान पुगोस् ।

पृष्ठ १ बाट जारी

**संसद् सेवा...**

राई, इश्वरीदेवी न्यौपाने, चन्दा कार्की भण्डारी, प्रकाश अधिकारी, बुद्धिमान तामाङ, रघुजी पन्त, राजेन्द्र पाण्डे, लिलानाथ श्रेष्ठ, सर्वेन्द्रनाथ शुक्ला र हितराज पाण्डे रहेका छन् ।

उपसमितिलाई एक महिनाभित्र विधेयकको प्रतिवेदन समितिमा पेस गर्न समयावधि दिइएको छ ।

## अन्तराष्ट्रिय

# अमेरिकामा आँधीका कारण ज्यान गुमाउनेको संख्या ४० पुग्यो

जेफर्सन सिटी, मिसौरी- अमेरिकाको दक्षिणी क्षेत्रका ६ राज्यमा आएको शक्तिशाली आँधीमा परी ज्यान गुमाउनेको संख्या ४० पुगेको छ । सीबीएस न्युजका अनुसार ज्यान गुमाउनेहरू मिसौरी, कान्सस, अर्कान्सस, मिसिसिपी, टेक्सस र ओक्लाहोमा राज्यका हुन् ।

बीबीसीका अनुसार मिसौरी राज्यमा मात्रै १२ जनाले ज्यान गुमाएका हुन् । मिसौरीमा सयौं आवासीय घर तथा व्यवसायिक स्थलहरु ध्वस्त भएका छन् । टेक्सास र कान्ससमा शक्तिशाली हावाले धुलोको आँधी चलाएका कारण सवारी साधनहरू ठोक्किएर कम्तीमा १२ जनाको ज्यान गएको छ ।

ओक्लाहोमामा लगभग १ सय ५० घातक डढेलो निम्ताएको छ । अर्कान्सस, अलाबामा र मिसिसिपीमा पनि मृत्यु भएको रेकर्ड गरिएको छ । टेक्सास, लुजियाना, अलाबामा, अर्कान्सास, टेनेसी, मिसिसिपी, जर्जिया, केन्टकी र उत्तरी क्यारोलाइनाको केही भागमा बाढीको चेतावनी जारी गरिएको थियो ।

आँधीका कारण ३ लाख २० हजार भन्दा बढी मानिसहरू बिजुलीविहीन भएका जनाइएको छ । अर्कान्सास, जर्जिया र ओक्लाहोमामा आपतकालीन अवस्था घोषणा गरिएको छ । मिसौरीका गभर्नर माइक केहोले ‘राज्यभर विनाशको अवस्था अचम्मलाग्दो भएको’ बताएका छन् । ‘सयौं घर, विद्यालय र व्यवसायहरू या त नष्ट भएका छन् वा गम्भीर रूपमा क्षतिग्रस्त भएका छन्,’ उनले भनेका छन् ।

ओक्लाहोमा राज्यमा १ सय ३३ किलोमिटर प्रतिघण्टाको गतिमा आएको हावाका कारण लगभग १ सय ५० स्थानमा डढेलोले निम्त्याएको छ । हावाहुरीका कारण दर्जनौं लरीहरू पल्टिएका छन् । राज्यका प्रमुख मेडिकल परीक्षकले आगलागी वा तीव्र हावाका कारण कम्तिमा चार जनाको मृत्यु भएको बताएका छन् ।



१ लाख ७० हजार एकड क्षेत्रमा फैलिएको आगालागीका कारण राज्यका गभर्नर केभिन स्टिटको स्वामित्वमा रहेको फार्महाउससहित लगभग ३ सय संरचना नष्ट पारेको छ । कान्ससमा धुलोको आँधीका कारण ५५ भन्दा बढी सवारी साधनहरू ठोक्किएपछि कम्तिमा ८ जनाको मृत्यु भयो ।

टेक्सासमा धुलोको आँधीले लगभग ३८ कारहरूलाई एकै स्थानमा थुप्राइदिएको छ । उक्त घटनामा कम्तिमा चार जनाको मृत्यु भयो । मिसिसिपीमा आँधीबेहरीका कारण ६ जनाको मृत्यु भएको छ । अलाबामामा ८२ वर्षीया महिला सहित अन्य ३ जनाको मृत्यु भएको बीबीसीले जनाएको छ । अर्कान्सासमा अधिकारीहरूले तीन जनाको मृत्यु र २९ जना घाइते भएको जनाएका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आँधीको प्रतिक्रियामा सहयोग गर्न राष्ट्रिय गार्डलाई अर्कान्सासमा खटाइएको बताएका छन् । ‘कृपया यी भयानक आँधीबेहरीबाट प्रभावित सबैका लागि प्रार्थना गर्न मेलानिया र मसँग सामेल हुनुहोस्,’ उनले आफ्नो सामाजिक सञ्जाल ट्रूथ सोसियलमा लेखेका छन् ।

***एजेन्सी***


**रामेछाप नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**रामेछाप बजार, रामेछाप**
**बागमती प्रदेश, नेपाल ।**

प.स : २०८१/०८२
च.नं.

मितिः २०८१/१२/०१
ने.सं. ११२५

**सूचना !** **सूचना !!** **सूचना !!!**

**विषयः आवेदन पेश गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको चालु आ.व.२०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तरगत सामाजिक विकास कार्यालय बनेपा, काभ्रेपलाञ्चोक र यस नगरकार्यपालिका विच भएको सम्झौता बमोजिम गृहिणी महिला सशक्तीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० दफा ५ मा व्यवस्था भए बमोजिमका क्षेत्रमा तालिम सञ्चालन गर्नु पर्ने भएकाले योग्यता पुगेका इच्छुक गृहिणी महिलाहरुले सम्बन्धित वडा कार्यालयमा सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र आवेदन पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरीएको छ ।

**सहभागि छनौटका आधार**

क. सम्बन्धित स्थानीय तहमा स्थायी बसोबास भएको,
ख. गृहिणी महिला वा गृहिणी महिलाको समूह गठन गरी स्थानीय तहको वडा कार्यालयमा दर्ता गरेको,
ग. अन्य कुनै स्थायी वा करार सेवामा कार्यरत नभएको,
घ. बीस देखि पचपन्न वर्ष उमेर भित्रको,
ङ. सूचनमा उल्लेख गरीएका विषय क्षेत्र मध्येको कुनै एक क्षेत्रको कार्यक्रममा मात्र सहभागी हुने गरी आवेदन पेश गरेको,

**तालिम तथा व्यवसायका विषयक्षेत्र**

क. लघु उद्यमसँग सम्बन्धित पेसा तथा व्यसाय,
ख. व्युटीसियन तालिम,
ग. अचार र गुन्द्रुक बनाउने,
घ. मैन बत्ती बनाउने,
ङ. पराल एवम् बेतबाँसजन्य सामाग्री निर्माण,
च. मौरीपालन,
छ. घरेलु उद्योगसँग सम्बन्धित व्यवसाय,
ज. निर्माण, कृषि, सेवा, विद्युत वायरिङ, हस्तकला तथा तयारी पोशाक, खाद्य सामाग्री प्रशोधन र सूचना तथा प्रविधिका क्षेत्रसँग सम्बन्धित,
झ. स्थानीय परिवेश अनुसारका सान्दर्भिक पेसा र व्यवसाय ।

**कार्यक्रम सञ्चालन हुने वडाहरु**

१. रामेछाप नगरपालिका १ नं. वडा कार्यालय, गोठगाँउ ।
२. रामेछाप नगरपालिका २ नं. वडा कार्यालय, देउराली ।
३. रामेछाप नगरपालिका ५ नं. वडा कार्यालय, रामपुर ।

**Web: www.ramechhapmun.gov.np**
**Email : ramechhapmun@gmail.com**
**Phone : 048-400012**

**भोला प्रसाद चापागाई**
**प्रमुख प्रशासकीय अधिकृत**

# चलचित्र “अञ्जिला”को मुनाफाबाट कप्तान सुब्बाको घर बनाइने



**काठमाडौं–** नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान तथा गोलरक्षक अञ्जिला तुम्बापो सुब्बाको जीवनीमा आधारित चलचित्र 'अञ्जिला'बाट प्राप्त हुने मुनाफा उनकै घर निर्माणमा प्रयोग गरिने निर्माता प्रेमकुमार श्रेष्ठले बताएका छन् ।

कप्तान सुब्बालाई इलामदेखि काठमाडौं ल्याएर विभागीय टोली सशस्त्र प्रहरी बलमा फुटबल खेलाएका निर्माता श्रेष्ठले 'अञ्जिलाको आफ्नै घर' अभियान समेत सञ्चालन गरेका छन् ।

'यस चलचित्रबाट प्राप्त सम्पूर्ण मुनाफा अञ्जिलाको घर निर्माणमा लगाउने छौं । नेपालमा प्रदर्शनबापत आउने रकम र त्यस अगाडि हङकङ, बेलायत र दक्षिण कोरियामा गरिएको विशेष प्रदर्शनीबाट संकलन भएको रकमले हामीले देखेको सपना पूरा हुनेमा विश्वस्त छौं' श्रेष्ठले भनेका छन् ।

उनी कप्तान सुब्बाको धर्मपिताका रूपमा परिचित छन् । गत फागुन २९ गते होलीलाई लक्षित गर्दै प्रदर्शन शुरू भएको चलचित्रले तीन दिनमा दुई करोड सात लाख रुपैयाँको व्यापार गरेको वितरक करण श्रेष्ठले जानकारी दिए ।

'प्रदर्शनकै दिनदेखि हामी काठमाडौं उपत्यकामा रहेका प्रायः चलचित्र भवनमा पुगेर दर्शकमाझ प्रतिक्रिया लिइरहेका छौं । चलचित्रको व्यापार पहिलो दिनको तुलनामा दोस्रो दिन र दोस्रो दिनको तुलनामा तेस्रो दिन बढेको छ । चलचित्र हेर्नुभएका दर्शकले राम्रो प्रतिक्रिया दिनुभएको छ, यसकारण आउँदा दिनमा व्यापार बढ्नेमा हामी विश्वस्त छौं' वितरक श्रेष्ठले भने ।

उनले चलचित्र प्रदर्शनको चौथो दिन आइतबार र पाँचौं दिन सोमबार पनि दर्शकको उपस्थिति राम्रो रहेको जानकारी दिँदै थप व्यावसायिक तथ्यांक आउँदो केही दिनमा सार्वजनिक गर्ने बताए । कप्तान सुब्बा आफैंले अभिनय गरेका कारण दर्शक उनको संघर्ष र सफलतासँग भावनात्मक रूपमा जोडिएको निर्देशक मिलन चाम्सले बताए ।

'कप्तान सुब्बाको कथा सुनेपछि यसले अन्यलाई प्रेरणा दिन्छ भनेर चलचित्र निर्देशन गर्न सहमत भएको थिएँ । हामीले रुचाएको कथालाई दर्शकले पनि रुचाउनु भयो । यो सफलताले आगामी दिनमा अन्य खेलाडीको कथामा चलचित्र निर्माण गर्न हौसला थपेको छ' निर्देशक चाम्सले भने ।

चलचित्रमा कप्तान सुब्बासँगै प्रेमकुमार श्रेष्ठ, सुनिल थापा, दयाहाङ राई, विजय बराल, सिर्जना सुब्बा, माओत्से गुरुङ, सुमीन गुरुङ, बुद्धि तामाङ लगायतका कलाकारले अभिनय गरेका छन् । चलचित्र निर्माणमा तुबेन्द्र लिम्बू, विनोद अग्रवाल, राजेश बगडियाले सहकार्य गरेका छन् ।

# लुम्बिनीमा चिनियाँ चलचित्रको छायांकन हुने



काठमाडौं- चिनियाँ कलाकारहरूले बुद्ध र लुम्बिनीसँग सम्बन्धित चलचित्र बनाउने भएका छन् ।

'म कहिल्यै नमरी जिउन चाहन्छु' नामक चलचित्रको एकतिहाइ भाग बुद्ध जन्मस्थल लुम्बिनीमा छायांकन गर्ने गरी चलचित्रका निर्माता तथा कलाकारहरूले लुम्बिनीमा छलफल समेत गरेका छन् ।

चिनियाँ कलाकारहरूको टोलीले लुम्बिनी विकास कोषका पदाधिकारी तथा कर्मचारीहरूसँग लुम्बिनीमा चलचित्रको छायांकन गर्ने विषयमा छलफल गरेका छन् ।

चलचित्रका निर्माता चाउ डिफिङले आफूहरू अहिले चलचित्रको छायांकनको लागि प्रारम्भिक जानकारी लिन मात्रै आएको बताए ।

उनले चलचित्रमा चिनियाँ दूतावाससहित लुम्बिनी र बुद्धसँग सम्बन्धित स्थलहरूमा छायांकन गराइने जानकारी दिए । चलचित्र निर्माण तथा कलाकारहरूको टोलीले पहिले चिनियाँ दूतावासमा छायांकन गरेर पछि मात्रै लुम्बिनीमा छायांकनका लागि आउने बताए । उनले चलचित्रमा बुद्धको जीवनको सन्देशलाई उतार्न खोजिएको र लुम्बिनी आएर छायांकन गरेपछि मात्र चलचित्रले पूर्णता पाउने बताए । निर्माता चाउसँगै छायांकार डेङ्ग छुङमिन समेत लुम्बिनी आएका थिए ।

लुम्बिनी विकास कोषका कोषाध्यक्ष ढुण्डिराज भट्टराई (सिद्धिचरण) ले बुद्ध र लुम्बिनीको सकारात्मक रूपमा प्रचार गर्ने गरी चलचित्र निर्माण हुने कुराले खुसी तुल्याएको बताए । उनले चलचित्रले चीनका नागरिकहरूमा बुद्ध र लुम्बिनीका बारेमा सकारात्मक प्रभाव पार्नका साथै पर्यटन प्रवर्द्धनमा समेत टेवा पुग्ने विश्वास व्यक्त गरे ।

छलफलमा कोषका सूचना तथा जनसम्पर्क प्रमुख हरिध्वज राईले गौतम बुद्धको जन्मस्थल लुम्बिनी भ्रमण गर्दा पनि जीवनमा भएका पापहरू क्षम्य हुने भनी बौद्ध शास्त्रमा लेखेको उल्लेख गर्दै बुद्धको सन्देशलाई सही रूपमा चलचित्रले उठान गर्न सुझाव दिए । लुम्बिनीमा शाक्यमुनि बुद्ध र कपिलवस्तुमा क्रकुछन्द र कनकमणि बुद्धको जन्म भएकाले ती क्षेत्र र बृहत्तर लुम्बिनीलाई पनि समेटेर छायांकन गर्दा अझ प्रभावकारी हुने उनले बताए ।

## मुक्तक



### भिमु परियार

ढुङ्गालाई नै देवता ठान्ने मान्छे नै त हुन
पराईलाई नै आफ्नो मान्ने मान्छे नै त हुन्
तपाई अरुको गल्ती मात्र देख्नु हुन्छ महोदय
यहाँ जानेर पनि बिगार्ने मान्छे नै त हुन् ॥

बग लानि आशुको खोला तिमिले छोडे पछी
यो मन पनि कति रोला तिमिले छोडे पछी
तिमी सहजै भन्छौ छुट्टिनु पर्छ हामी
मेरो एक्लो जिवन के होला तिमिले छोडे पछी ॥

जिवनभर संगै जिउँला भनेकै त हो
फाटेको मन मिली सिउँला भनेकै त हो
बिच बाटोमै साथ छोडी गयौ प्रिय तिमी
आँशु पिई खुसी दिउँला भनेकै त हो ॥

पटक पटक बारम्बार किन आउँछ होला
मेरै नामको समाचार किन आउँछ होला
जस्ले छोडेर गयो उस्कै याद झन बढि
उस्कै निम्ति दिलमा प्यार किन आउँछ होला ॥

छाती माथि ढुङ्गा राखी बाच्नु परेको छ
मरेर पनि सबसामु हास्नु परेको छ
दुई मुटु एक धडकन थियौ टुक्र्याएर छोड्यौ
टुक्रिएको मुटु एक्लै गास्नु परेको छ ॥

गलत बाटो हिड्दा सहि देखाउने तपाईं नै हो बुवा
मेरो हात समाउँदै क ख लेखाउने तपाई नै बुवा
अरु त राम्रो गर्दा रिस र नगर्दा डाहा गर्ने हुन्छन्
मेरो हर सुख दुखमा रमाउने तपाई नै बुवा ॥

जिवनभर उस्कै बन्ने मन छ के पो गर्ने होला
भेट भयो कि बच्चा बन्छ के पो गर्ने होला
माया गरी बिच बाटोमै छोडि गयौ भने
म जस्तो केटि पाउदैन भन्छ के पो गर्ने होला ॥

जन्म दिने आशिर्वाद दिने तिमी नै त हौ
हरपल हरक्षण सम्झिने तिमी नै त हौ
हे आमा तिमी छौ र पो यो दुनिया छ मेरो
मलाई असल शिक्षा सिकाउने तिमी नै त हौ ॥

सभ्य बन्नु शिखर छुनु यत्ति चाहान्छु
असल बन्नु ज्ञानी हुनु यत्ति चाहान्छु
जस्तो सुकै दुःख कष्ट आए पनि जिवनमा
एक्लै बनि तिमी न रुनु यत्ति चाहान्छु ॥

बिर्सिएको छैन अझै रङ्ग उस्तै छ
मनमा पिडा अनि उमङ्ग उस्तै छ
तिमी बदलियौ भनेर नभन प्रिया
तिमिले दिएको चिनो मसंग उस्तै छ ॥

# शिल्पालाई छैन नेपाली फिल्मप्रति रूचि



विगत ४/५ वर्षमा अभिनेत्री शिल्पा पोखरेलको जीवनमा ठूलो उतारचढाव देखियो । उनले पूर्वपति तथा निर्माता छविराज ओझासँग लामो समय कानुनी लडाइँ लड्नु पर्‍यो । अन्ततः केही महिनाअघि उनीहरुको मुद्दा किनारा लागिसकेको छ । पूर्वपति ओझाबाट सम्पत्तिको रुपमा गुह्येश्वरीको घर लिएर अहिले उनी एक्लो जीवन विताइरहेकी छन् । यो बीचमा उनी 'ओशो सन्यासी' पनि बनिन् ।

पूर्वपति ओझासँग कानुनी लडाइँ सुरू भएपछि शिल्पाले कुनै नेपाली फिल्म गरेकी छैनन् । बरु केही भोजपुरी फिल्ममा काम गरिन् । अब उनी नेपाली फिल्म गर्ने मनस्थितिमा देखिएकी छैनन् । हालै अभिनेत्री करिश्मा मानन्धरको घरमा होली मनाउन पुगेकी उनले सञ्चारकर्मीसँगको कुराकानीमा नेपाली फिल्मप्रति रुचि नै नभएकाले प्रस्ताव आउँदा समेत विभिन्न बहाना बनाउने गरेको बताइन् ।

उनले भनिन्, 'अहिले मलाई फिल्मप्रति रुचि नै छैन । एउटा नेपाली फिल्म त रिलिज हुनै बाँकी छ । दुईवटा भोजपुरी फिल्म समेत रिलिज हुन बाँकी छ । अहिले नेपाली फिल्मतिर चाहिँ रुचि नै छैन भन्दा हुन्छ । साँच्चै रुचि छैन । मनै मरेर आएको जस्तो भैरहेको छ । फिल्मबाट प्रस्ताव आउँदा पनि अर्को प्रोजेक्ट गर्दैछु भनेर टार्छु । मलाई फिल्मबाट टाढै बस्न मन लागेको जस्तो भैरहेको छ ।'

शिल्पाले अब नेपाली फिल्ममा काम नगर्ने संकेत समेत गरेकी छन् । उनले भनेकी छन्, 'फिल्म गर्नलाई पनि प्रोडक्सन हाउस राम्रो हुनुपर्‍यो, राम्रो स्क्रिप्ट लेख्ने मान्छेबाट अफर आउनुपर्‍यो । 'एकपटक स्क्रिप्ट चाहिँ सुन्नु पर्ला' भन्ने समेत लागेको छैन । सायद बीचमा मन नभएर पनि होला । र, मैले सोध्न पनि चाहिनँ । अब विस्तारै-विस्तारै मन लाग्छ कि ! तर, अब मन लाग्छ जस्तो चाहिँ लाग्दैन ।'

म्यूजिक भिडियो हुँदै 'लज्जा'बाट फिल्ममा डेब्यु गरेकी शिल्पाले त्यसपछि 'हवल्दार सुन्तली', 'किस्मत २', 'मंगलम' जस्ता एक दर्जन बढी फिल्ममा काम गरिन् । उनको एउटा फिल्म 'आर्या' प्रदर्शन हुनै बाँकी छ, जुन ४/५ वर्षअघि नै निर्माण भएको हो । उनले 'जय शम्भो', 'प्रेम गीत २' जस्ता भोजपुरी फिल्म समेत गरेकी छन् । बुझिए अनुसार उनी अब भोजपुरी फिल्म मात्र गर्ने योजनामा छिन् ।

# “११:५५“मा “ग” क्यारेक्टरमा छु : करिश्मा श्रेष्ठ



अभिनेत्री करिश्मा श्रेष्ठले गत फागुनमा प्रदर्शन भएको फिल्म 'मायावी'बाट सात वर्षपछि पुनरागमन गरिन् । यो फिल्म व्यावसायिक रुपमा असफल भए पनि उनको अभिनयको निकै प्रशंसा भयो । अब यस वर्षका लागि उनी अभिनीत अन्तिम फिल्म '११:५५' यही शुक्रबार (चैत ८ गते)देखि प्रदर्शनमा आउने तयारीमा छ । फिल्मको टिजर र ट्रेलर हेर्दा उनी 'बोल्ड' क्यारेक्टरमा रहेको देखिन्छ ।

यतिबेला मिडियामा अन्तर्वार्ता दिन भ्याइनभ्याइ रहेकी उनले फिल्ममा आफ्नो 'ग्रे' क्यारेक्टर रहेको बताएकी छन् । भन्छिन्, 'यसमा मेरो 'ग्रे' क्यारेक्टर छ । मैले यसअघि यस्तो क्यारेक्टर कहिल्यै गरेको थिइनँ । यस्तो क्यारेक्टर गर्छु भनेर मैले सोचेको पनि थिइनँ । त्यो क्यारेक्टर निभाउन निकै चुनौती भयो । मलाई चुनौती मन पनि पर्छ । मेरो क्यारेक्टर दर्शकमा नोटिस हुन्छ भन्नेमा विश्वस्त छु ।'


'११:५५'मा फरक चरित्र गर्न पाएकोमा उनी खुसी छिन् । 'मैले अब फिल्म गर्दा फरक-फरक चरित्रमा काम गर्छु भनेर सोचेको थिएँ । '११:५५'मा त्यो पाएँ । स्क्रिप्ट, क्यारेक्टर र टिम राम्रो लागेपछि यो फिल्म गरेकी हुँ,' उनले भनिन् । उनका अनुसार '११:५५' मर्डर मिस्ट्री फिल्म हो । नेपालमा यस प्रकारको कथामा विरलै फिल्म बन्ने भएकाले दर्शकलाई निकै रोचक लाग्ने करिश्माको विश्वास छ ।

उनले ११:५५ बजे भएको 'मर्डर'मा फिल्मको कथा केन्द्रित रहेको पनि स्पष्ट पारेकी छन् । भन्छिन्, '११:५५ बजे एउटा 'मर्डर' हुन्छ । फिल्मको कथा नै ११:५५ को वरिपरि घुमेको छ । यसमा फरक-फरक क्यारेक्टर छन् र हरेकले आफ्नै हिसाबले जीवन बाँचेका छन् । त्यही बीचमा अचानक एउटा हत्या हुन्छ र त्यसमा सबैजना संलग्न भएका हुन्छन् । अनि त्यसैको अनुसन्धानमा फिल्म घुम्छ ।'

अब के हुन्छ भन्ने कौतुहलता जगाउने फिल्मप्रति रुचि हुने दर्शकहरूलाई '११:५५' मनपर्ने करिश्माको दाबी छ । 'नयाँ आइडियामा बनेको फिल्म हो यो । दर्शकलाई 'स्योर सट' मनपर्छ भनेर त भन्न सक्दिनँ । मनै पर्दैन पनि भन्न सक्दिनँ । तर, फिल्म हेर्दा रोचक लाग्न सक्छ,' उनी भन्छिन्, 'प्रत्येक १५ मिनेटमा 'ट्विस्ट' आउँछ । उत्सुकता जगाउने फिल्मप्रति रुचि हुने दर्शकलाई पक्कै मनपर्छ ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- ३०, २०८१ साल चैत्र २७ गते मंगलबार (MAR 19, 2025)

# एड्भान्स्ड ब्याट्री रिसाइक्लिङका साथ दिगो प्रतिबद्धता बलियो बनाउदै बीवाईडी



**काठमाडौं–** ग्लोबल रिसाइक्लिङ डेको अवसरमा बीवाईडी अटो इन्डष्ट्रिले कम्प्रिहेन्सिभ ब्याट्री रिसाइक्लिङ एन्ड रियुज प्रोग्रामलाई कार्यान्वयन गरेको छ ।

यसले वातावरणीय दिगोपनाप्रति बीवाईडीको प्रतिबद्धतालाई पुनः पुष्टि गरेको छ । विश्व नै हाल इलेक्ट्रिक मोबिलिटीतिर लागिरहेको समयमा वास्तविक रुपमा दिगो ईभी इकोसिस्टम प्राप्तिका लागि जिम्मेवार रुपमा ब्याट्री व्यवस्थापन गर्नं महत्वपूर्ण छ ।

बीवाईडी त्यही महत्वपूर्ण कार्यमा अग्रसर भएको छ। सो पहलको एक भागको रुपमा बीवाईडीले दुई प्रमुख रिसाइक्लिङ सेवा प्रदायक कम्पनी अमेरिकाको क्यालिफोर्नियामा अवस्थित आइटी एसेट पार्टनर्स इंक(IT Assers Partners Inc.) र चीनको वुहुमा अवस्थित एन्हुई लेचेङ लिथियम-आयोन टेक्नोलोजी (Anhui Lecheng Lithum Ion Technology) कम्पनी लिमिटेडसँग सम्झौता गरेको छ ।

सन् २०२४ मे २८ मा औपचारिक रुपमा घोषणा गरिएको सो सहकार्यले बीवाईडी ईभीमा प्रयोग भएका लिथियम-आयोन ब्याट्री प्याक र ब्याट्रीलाई सुरक्षित, उत्तरदायी र दक्ष रुपमा रिसाइक्लिङ गर्ने कार्यलाई सुनिश्चित गर्नेछ ।

ब्याट्री रिसाइक्लिङमा बीवाईडीको सर्कलर इकोनोमी अप्रोच दुवै सेवा प्रदायक कम्पनीहरु आरटु सर्टिफाइड अर्थात रेस्पोन्सिबल रिसाइक्लर सर्टिफाइड हुन्, जसले दिगो रिसाइक्लिङको ग्लोबल स्ट्यान्डर्ड पुरा गर्छन् । रिसाइक्लिङ प्रक्रिया अन्तर्गत क्यापासिटी टेस्टिङ, सेफ डिस्म्यान्टलिङ, मेटरियल रिकभरी र इको-फ्रेन्ड्ली प्रोसेसिङ गरिन्छ ।

प्रयोग भइसकेको ब्याट्रीको पुनः प्रयोगको सम्भावनाको मूल्यांकन कार्य क्यापासिटी टेस्टिङमा गरिन्छ । प्रयोगमा नआउने ब्याट्रीलाई सावधानीपूर्वक नष्ट गर्ने कार्य अर्थात सेफ डिस्म्यान्टलिङ (safe dismantaling) त्यसपछि गरिन्छ ।

त्यसपछि लिथियम, निकेल र कोबाल्ट जस्ता महत्वपूर्ण कच्चा पदार्थ निकाल्ने कार्य मेटरियल रिकभरी अन्तर्गत पर्छ भने अन्त्यमा यसरी रिसाइकल गरिएका सामग्रीहरु अनुमति प्राप्त कम्पनीहरुलाई उपलब्ध गराउने कार्य गरिन्छ ।

ब्याट्री उत्पादन देखि रिसाइक्लिङ सम्मको सम्पूर्ण प्रक्रियामार्फत बीवाईडीले इलेक्ट्रोनिक प्रदूषण घटाउने, प्राकृतिक सम्पदा संरक्षण गर्ने र कार्बन फुटप्रिन्टलाई न्यून गर्ने कार्यमा महत्वपूर्ण कदम चालेको छ ।

# क्यूआरबाट नेपालमा भारतीय पर्यटकले गरे १.६० अर्ब भुक्तानी, हटस्पट पशुपतिनाथ मन्दिर




**काठमाडौं–** नेपाल आएका भारतीय पर्यटकले एक वर्षमा १ अर्ब ६० करोड रुपैयाँभन्दा बढी रकम क्यूआरमार्फत भुक्तानी गरेका छन् । ५ लाख ६० हजारभन्दा बढी कारोबारबाट एकै वर्ष डेढ अर्ब रुपैयाँभन्दा बढी फोन पे क्यूआरबाट भुक्तानी भएको हो ।

गत वर्षबाट भारतीय पर्यटकहरुले नेपालमा क्यूआरमार्फत भुक्तानीको सेवा पाउन थालेका थिए । फोन पेका अनुसार भारतीय पर्यटकहरुले क्यूआर प्रयोग गरेर सर्वाधिक रिटेल आउटलेटमा भुक्तानी गरेका छन् । जसको हिस्सा २७ प्रतिशत छ । यस्तै, भारतीयहरुले रेष्टुरेन्टमा १९.६८ प्रतिशत र होटल तथा रिसोर्टमा १५.४ प्रतिशत हिस्सा फोनपे क्यूआरबाट भुक्तानी गरेका छन् ।

प्रदेशअनुसार फोनपे क्यूआर प्रयोग गरेर भारतीयहरुले बागमतीमा सबैभन्दा धेरै भुक्तानी गरेका छन् । जसको हिस्सा ४४ प्रतिशत छ। त्यसपछि भारतीयहरुले गण्डकीमा १५, सुदूरपश्चिममा १४, लुम्बिनी र मधेशमा ९/९, कोशीमा ८ र कर्णालीमा १ प्रतिशत फोन पे क्यूआर प्रयोग गरेर खर्चिएका छन् ।

भुक्तानीका हिसाबले भारतीय पर्यटकहरुको हटस्पट पशुपतिनाथ मन्दिर, ठमेल, लेकसाइड (पोखरा), जोमसोम र सीमा क्षेत्रका आँखा अस्पताल रहेको फोनपेले जनाएको छ ।

देशभर ६७ हजारभन्दा बढी मर्चेन्टले यूपीआई भुक्तानी स्वीकार गर्छन् । यसको पहुँच डोल्पा, अछाम र बझाङका विकट क्षेत्रहरुमा पनि पुगिरहेको छ ।

भारतीय पर्यटकहरुले २५ रुपैयाँको एक कप चियादेखि १ लाख ६० हजार रुपैयाँसम्मको ट्रेकिङ एड्भेन्चरका लागि फोनपे प्रयोग गरेर क्रस बोर्डर क्यूआर भुक्तानी गरेको कम्पनीले जनाएको छ। फोनपेका अनुसार भारतीयहरुले एभरेष्ट बेस क्याम्प रहेको १३ हजार फिटमाथि पनि यूपीआई भुक्तानी गर्न सक्छन् ।

भारतीयहरुले फोन पे नेटवर्क प्रयोग गरेर गरेका भुक्तानीमध्ये ४२ प्रतिशत एक हजारदेखि ५ हजार रुपैयाँसम्मका छन् । यो खानपिन, सपिङ र यात्रामा खर्च गरिएको छ । ४८ हजारभन्दा बढी भारतीय पर्यटकहरुले आफ्नो नेपाल भ्रमणका क्रममा ३ पटकभन्दा बढी यूपीआई कारोबार गरेका छन् ।

नेपाल र भारत अन्तरदेशीय (क्रसबोर्डर) क्यूआर भुक्तानी सञ्चालन गर्न नेपालको फोन पे र भारतको नेसनल पेमेन्ट्स कर्पोरेसन अफ इन्डिया (एनपीसीआई)बीच २०८० भदौमा सम्झौता भएको थियो ।

# चीनका अफरोड पारखी १३ वटा फोर्ड गाडीमा एकसाथ नेपाल, जानेछन् मुस्ताङसम्म

**काठमाडौं–** चीनका अफरोड पारखीहरु एकसाथ १३ वटा फोर्ड गाडीमा नेपाल आएका छन् । उनीहरु चीनका विभिन्न प्रान्त हुँदै रसुवाको बाटोबाट बुधबार काठमाडौं आइपुगेका हुन् ।

फोर्ड नेपालले उनीहरुको स्वागतमा एक कार्यक्रम गरेको छ। फोर्ड नेपालका प्रबन्ध निर्देशक आकाश गोल्छाले खादा लगाएर स्वागत गरे । उनले अफरोड पारखी चिनियाँहरुको आगमनले साहसिक पर्यटन र अफ-रोड यात्रामा थप सहकार्य बढाउन सहयोग पुग्ने बताए ।

गोल्छाले पर्यटन, नयाँ इनोभेसन र अटोमोटिभ एक्सिलेन्सको क्षेत्रमा चीन-नेपाल सम्बन्धलाई सुदृढ गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे ।



चिनियाँहरुले नेपालमा अफरोड अनरोड दुबैमा ड्राइभ गर्नेछन् । उनीहरुले चितवन, पोखरा, मुस्ताङ लगायत स्थानमा ड्राइभ गर्ने र घुम्ने योजना बनाएका छन् । उनीहरुले ल्याएका फोर्डका केही गाडी नेपालमै उपलब्ध छन् भने केही गाडी नेपालका लागि नयाँ हुन् ।

# एक दशक बढी काम गरेका कर्मचारीलाई सिटिजन्स बैंक इन्टरनेसनलको 'दीर्घ सेवा सम्मान'

**काठमाडौं–** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले बैंकमा अविरल १० वर्ष र १५ वर्ष काम गरेका कर्मचारीहरुलाई दीर्घ सेवा सम्मान गरेको छ ।

१८ वर्ष अघि २०६४ साल वैशाख ७ गते जम्मा ४३ जना कर्मचारीबाट बैंकले विधिवत् सेवा सुरु गरेको थियो । चैत १ गतेलाई बैंकले 'कर्मचारीको दिन'(इम्प्लोएज डे) को रुपमा मनाउँदै आएको छ। बैंकले अठारौं वर्ष पुरा गरि उन्नाइसौं वर्षमाप्रवेश गर्न लागेको उपलक्ष्यमा एक महिने वार्षिक उत्सव सम्बन्धी कार्यक्रमहरु आयोजना गरिरहेको छ ।

बैंकको केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रमकाबीच बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले बैंकमा अविरल १० वर्ष सेवा गरेका ६१ जना र १५ वर्ष काम गरेका १८ जना गरि ७९जना कर्मचारीलाई प्रमाणपत्र सहित 'दीर्घ सेवा सम्मान'प्रदान गरेका हुन् । बैंकमा हाल १ हजार ८०० कर्मचारीहरु कार्यरत रहेका छन् । सो समारोहमा पोखरेलले बैंक अहिलेको अवस्थासम्म आइपुग्नको लागि कर्मचारीको मिहिनेत,लगनशिलता, प्रतिबद्धता र जिम्मेवारीले महत्वपूर्ण भूमिका निर्वाह गरको बताएका थिए । उनले आगामी दिनमा पनि कर्मचारीको तर्फबाट शतप्रतिशत योगदानको विश्वास राखेका थिए ।

यस्तै, बैंकले २०८२ सालको क्यालेण्डर पनि सार्वजनिक गरेको छ ।

# हिमालयन बैंकका ग्राहकले एपबाटै सिधै इसेवामा रकम लोड गर्न सक्ने

**काठमाडौं–** महालक्ष्मी विकास बैंकद्धारा "महालक्ष्मी क्यालेन्डर २०८२" को डिजिटल संस्करण बैंकको केन्द्रिय कार्यालय, दरबारमार्गमा आज आयोजित एक कार्यक्रमका बीच सार्वजनिक गरिएको छ ।

परम्परागत रुपमा प्रकाशन गरिने क्यालेन्डरलाई आधुनिक प्रविधिसँग समायोजन गर्दै जाने उद्धेश्य अनुरुप डिजिटल संस्करण सार्वजनिक गरिएको हो ।

महत्वपुर्ण चाडपर्वहरु, तिथि, विदा, शुभ साइत तथा विक्रम संवत, नेपाल संवत तथा अंग्रेजी संवतको मितिहरु लगायतका सम्पूर्ण विषयवस्तुहरु डिजिटल क्यालेन्डरमा समावेश गरिएको छ ।

नयाँ डिजिटल संस्करण प्रयोगकर्ताहरुको लागि अझ सहज र उपयोगी हुनुका साथै नेपालीहरुको संस्कृतीलाई सर्म्बद्धन तथा निरन्तरता प्रदान गर्न टेवा पुग्ने विश्वास बैंकले लिएको छ ।

महालक्ष्मी क्यालेन्डर २०८२ यस बैंकको आधिकारिक वेभसाइट मार्फत वा तल उल्लेखित लिंक मार्फत हेर्न डाउनलाड्ड गर्न सकिनेछ ।




## क्षयरोगबाट बचौं र बचाऔं

- लगातार खोकी लाग्ने,
- खोकीमा रगत देखापर्ने,
- तौल घट्ने,
- फोक्सो दुख्ने वा असजिलो महसुस हुने जस्ता लक्षण क्षयरोगका लक्षण हुन सक्छन् ।

क्षयरोगबाट बच्न:

- धूम्रपान तथा मद्यपान नगरौं.
- धुवाँ धुलोमा नबसौं,
- खोक्दा हाछ्युँ गर्दा रुमालले नाकमुख छोपौं,
- बालबालिकालाई निश्चित समयमा बीसीजी खोप लगाऔं,
- क्षयरोग लागेका व्यक्तिभन्दा टाढै बसौं र रोगीको जुठो नखाऔं श्रक्षयरोगको शंकालागेमा चिकित्सकको सल्लाह लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार